कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायीत्व भएको)

# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

**अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाण्डौ ।**
**फोन नं.४५२०२९५,४५२१९८८ फ्याक्स नं.४५१२५६९**
**URL: www.utkhpl.org.np, email: office@utkhpl.com.np**

**को**

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१०,५९,००,००,०००/- (अक्षरेपी दश अर्ब उनान्साठ्ठी करोड) बराबरको प्रति शेयर रकम रु. १००/– अंकित दरको १०,५९,००,००० (दश करोड उनान्साठ्ठी लाख) कित्ता साधारण शेयरको हकप्रद निष्काशन गर्ने सम्बन्धमा कम्पनीको मिति २०७९/०५/०३ मा बसेको १४ औं साधारणसभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर १ बराबर १ शेयर(१ : १) का दरले हुने रकम रु. १०,५९,००,००,०००/- (अक्षरेपी दश अर्ब उनान्साठ्ठी करोड मात्र) बराबरको प्रति शेयर रकम रु. १००/– अंकित दरको १०,५९,००,००० (दश करोड उनान्साठ्ठी लाख) कित्ता साधारण शेयरको हकप्रद साधारण शेयर निष्काशन प्रयोजनका लागि प्रकाशित गरिएको।

## नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२।५३ | ९२।०३ | ७०।१७ | ३४।६७ | ५९।६३ | ५७।०९ | ५६।३५ |
| प्रति शेयर आम्दानी (रु.) | (१।४५) | (०।५०) | (२१।८६) | (३५।४९) | (७।७०) | (२।५५) | (०।७३) |
| जगेडा तथा कोषहरु | (७९,०५,९४) | (८४,४०,८६) | (३,१५,९१,१०) | (६,९१,८०,२४) | (८,५४,९३,९९) | (९,०८,८६,१८) | (९,२४,४१,७६) |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित रकम रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा त्यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरू" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरूपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणपत्रमा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ । लगानीमा हुने जोखिम सम्बन्धमा विवरण पत्रको प्रकरण 'थ' पृष्ठ संख्या १८ मा थप विवरण प्रस्तुत गरिएको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, सनराइज बिजपार्क छैठौं तल्ला, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ICRANP-IR BB" "ICRA NP Issuer Rating Double B]" प्रमाणपत्र प्राप्त गरेको छ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखी [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ। [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। "ICRA NEPAL Issuer Rating Double B " ले कम्पनीको वित्तीय दायित्वको समयमै सेवा गर्ने सम्बन्धमा पूर्व निर्धारितको मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको दफा (व)१ मा उल्लेख छ ।

**इस्युर रेटिङ्ग प्रदान गरेको मितिः २०७९/०८/०८ (तदनुसार नोभेम्बर २४, २०२२) बहाल रहने अवधिः२०८०/०८/०७ (तदनुसार नोभेम्बर २३, २०२३)**

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरण स्वीकृति भएको मिति : २०८०/०३/२२ | निष्काशन खुल्ला हुने मिति : २०८०/०५/१८<br>निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८०/०६/०७ |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं
फोन नं: ४७८५३२१, फ्याक्स नं ४७८५३२०
URL: www.nlk.org.np,
**Email: cit.cmkt@gmail.com**

**सह-निष्काशन तथा बिक्री प्रबन्धक :**

**सनराइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
**(लक्ष्मी सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)**
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ४५२८५५०, ४५२८६६०
**URL: awww.sunrisecapital.com.np, Email: info@sunrisecapital.com.np**

(क) **संगठित संस्थाको नाम :**अपर तामाकोशी हाइड्रोपावर लिमिटेड। (UPPER TAMAKOSHI HYDROPOWER LIMITED)

(ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, अन्नपूर्ण मार्ग, विष्णुधन निवास, ज्ञानेश्वरमा रहेको छ।

(ग) **कारोबार स्थान :** कम्पनी अन्तर्गत संचालित नेपाल सरकारबाट राष्ट्रिय गौरबको आयोजना घोषित राष्ट्रिय प्राथमिकता प्राप्त ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भई सो आयोजनाको जलविद्युत केन्द्र (पावर हाउस) दोलखा जिल्लाको साविक लामाबगर गा.वि.स. हाल बिगु गाउँपालिका वडा नं.१ लामाबगर स्थित गोंगरमा रहेको छ।

(घ) **संगठित संस्थाको संक्षिप्त परिचयः**

माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने उद्देश्यले कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३।११।२५ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा अपर तामाकोशी हाइड्रोपावर लिमिटेड कम्पनी दर्ता भएको हो।

- कम्पनीले माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको लागि मिति २०६७।८।१७ मा नेपाल सरकार,ऊर्जा मन्त्रालय, विद्युत विकास विभागबाट ४५६ मे.वा क्षमताको विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरेको छ। यसैगरी कम्पनीले मिति २०६८।३।३१ मा नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभागबाट कुल पूँजी रु. ३५ अर्ब २९ करोड रहनेगरी उद्योग दर्ताको प्रमाणपत्र प्राप्त गरेको छ। जसमध्ये स्थिरपूँजीरु.३५ अर्ब १७ करोड १० लाख र चालु पूँजीरु.११ करोड ९० लाख रहेको छ।

**संगठित संस्था तथा कम्पनीको उद्देश्यः**

यस कम्पनीको मूख्य उद्देश्य देहाय बमोजिम हुनेछ।

क) प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सर्वेक्षण, निर्माण, संचालन र ब्यवस्थापन गर्ने र सो आयोजनाबाट उत्पादित विद्युत शक्ति बिक्री वितरण गर्ने।

ख) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र ब्यवस्थापन गर्ने।

ग) उत्पादित विद्युत शक्ति विक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रसारण लाइनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणाली संग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने।

घ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ट बिक्री गर्ने वा आफ्नै प्रसारण र वितरण लाइन बिकास गरी वा अन्य निकायको प्रशारण लाइन प्रयोग गरी सोझै उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने।

ङ) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई विक्री गर्न वा आफ्नै प्रशारण लाइन बिकास गरी सोझै ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन आवश्यकता अनुसार सम्झौता गर्ने।

च) जलविद्युत आयोजनाहरुको विकासको निमित्त आयोजनाको पहिचान एव संभाब्यता अध्ययन गर्ने।

छ) उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने।

ज) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, संचालन र ब्यवस्थापन संग सम्बन्धित र सहायक हुने सवै काम गर्ने।

**कम्पनीमा शेयर लगानीकर्ताहरु र माथिल्लो तामाकोशी जलविद्युत आयोजना कार्यान्वयनको अवस्थाः**

- यस कम्पनीमा नेपाल विद्युत प्राधिकरण सहित नेपाल टेलिकम, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषको संस्थापक शेयर रहेको छ। कम्पनीको प्रबन्धपत्र र नियमाबली अनुसार जारी पूँजीको ४१ प्रतिशत नेपाल विद्युत प्राधिकरणबाट, ६ प्रतिशत नेपाल टेलिकमबाट, २ प्रतिशत राष्ट्रिय बीमा संस्थानबाट र २ प्रतिशत नागरिक लगानी कोषबाट शेयर पूँजी चुक्ता भइसकेको छ। यसैगरी कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुको लागि १७.२८ प्रतिशत, ऋणदिने संस्थाका कर्मचारीहरुलाई २.८८ प्रतिशत, नेपाल विद्युत प्राधिकरण तथा कम्पनीका कर्मचारीहरुलाई ३.८४ प्रतिशत शेयर निष्काशन गरी सो बमोजिमको रकम चुक्ता गरिसकेको छ। यस बाहेक

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३** बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) दोलखा जिल्लाका स्थानीय बासिन्दालाई १० प्रतिशत र सर्बसाधारणलाई १५ प्रतिशत शेयर निष्काशन तथा बाडँफाडँ गरी बितरण गरी सकेको छ ।

- कम्पनी अन्तर्गतको माथिल्लो तामाकोशी जलविद्युत अयोजना २०७८ आषाढमा निर्माण सम्पन्न भई मिति २०७८/०५/०४ देखि व्यापारिक उत्पादन शुरु भएको । माथिल्लो तामाकोशी जलविद्युत आयोजना दोलखा जिल्ला स्थित तामाकोशी नदीमा अबस्थित छ । औसत बार्षिक उर्जा २ अर्ब २८ करोड युनिट रहेको आयोजनाको ग्रस हेड ८२२ मिटर र डिजाइन डिस्र्चाज ६६ घनमिटर प्रति सेकण्ड रहेको छ । विद्युत खरिद विकि सम्झौता अनुसार व्यापारिक उत्पादन भएको बर्ष औसत रु.४.०६ र त्यसपछि ९ बर्षसम्म ३ प्रतिशतका दरले बार्षिक बृद्धि भई सम्झौता अबधिभर औसत रु ५.३० प्रति युनिट कायम रहने छ ।
- कम्पनीले आयोजना निर्माणको लागि जग्गा अधिग्रहण तथा बातावरणिय व्यवस्थापन सहित प्रभावित क्षेत्रमा आयोजनाको EIA Report ले निर्देशित गरेका गतिविधिहरु सम्पादन भइरहेको छ ।
- आयोजनाको कूल जलबिद्युत क्षमता : ४५६ मेगावाट, औषत वार्षिक ऊर्जा २२८१ गेगावाट घण्टा (रोल्वालिङ्ग वाहेक) रहेको छ ।
- आयोजनाको विद्युत उत्पादन अनुमति पत्र प्राप्त मितिः२०६७/०८/१७ देखि ३६ वर्ष
- अनुमति पत्र बहाल रहने अवधी मिति :२१०३/०८/१६ सम्म
- आयोजनाको लागत अनुमानः माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको विस्तृत डिजाइन तयार गर्ने क्रममा सन् २००८ नोभेम्बरमा (वि.सं.२०६५ कार्तिक) परामर्शदाता JV Norconsult AS-Lahmeyer International GmbH ले आयोजनाको मुख्य ४ वटा लट्हरुको (सिभिल, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल र प्रशारण लाइन तथा सवस्टेशन) लागत अनुमानमा परामर्श सेवा र प्रशासनिक खर्चहरु समेत जोड्दा ५३३ मिलियन अमेरिकी डलरको लागत अनुमान हुने गरी प्रतिवेदन पेश गरेको थियो ।

  तत्पश्चात सञ्चालक समितिबाट गठन भएको पुनरावलोकन समितिले परामर्शदाताले तयार गरेको उक्त लागत अनुमान सम्बन्धमा पुनरावलोकन गरी ४५६ मेगावाट जडित क्षमताको लागि आयोजनाको कूल लागत अनुमान निर्माण अवधीको व्याज र दोश्रो चरणमा निर्माण गर्ने लक्ष्य रहेको Rolwaling Deversionवाहेक ४४१ मिलियन अमेरिकी डलर हुने गरी सिफारिश सहित प्रतिवेदन पेश भए बमोजिम सञ्चालक समितिबाट मिति २०६५ चैत्र ७ मा स्वीकृत भएको थियो । यस अनुसार अमेरिकी डलर ४४१ मिलियनको तत्कालिन प्रचलित विदेशी विनिमय दर १ अमेरिकी डलर वरावर ने.रु.८०/- का दरले हिसाव गरी नेपाली मुद्रामा ३५ अर्ब २९ करोड ४१ लाख अनुमानित लागत तय भएको थियो । आयोजना कार्यान्वयनको लागि स्वपूँजी रु.१० अर्ब ५९ करोड, कर्मचारी सञ्चय कोष, नेपाल दूरसञ्चार कम्पनी लि., राष्ट्रिय बीमा संस्थान, नागरिक लगानी कोष समेतबाट रु.२० अर्ब र नेपाल सरकारबाट रु.११ अर्ब ०८ करोड दीर्घकालिन ऋण समेत जम्मा रु.४१ अर्ब ६७ करोडको वित्तिय व्यवस्थापनको सुनिश्चितता भए पश्चात आयोजना कार्यान्वयन शुरु भएको थियो । यस्तै अवस्थामा २०७२ सालको विनाशकारी महाभूकम्प, लामो अवधीसम्म जारी रहेको तराइ आन्दोलन, आयोजनाको सुरुङ्गको डिजाइनमा भएको परिवर्तन लगायत विविध कारणले आयोजनाको निर्माण अवधी लम्बिन गएको र अन्तर्राष्ट्रिय स्तरमा भएको मूल्य बृद्धि, वैदेशिक मुद्राको विनिमय दरमा भएको मूल्य बृद्धि जस्ता कारणहरुले उल्लेख्य रुपमा आयोजनाको लागत नपुग हुने देखिएकोले पूर्व स्वीकृत लागत अनुमान र आयोजना कार्यान्वयनको वास्तविक स्थिति लगायत समग्र विषयमा पुनरावलोकन गरी प्रतिवेदन पेश गर्न सञ्चालक समितिबाट गठीत ६ सदस्यीय पुनरावलोकन समितिले तयार गरेको प्रतिवेदन अनुसार आयोजनाको संशोधित लागत अनुमान निर्माण अवधीको व्याज वाहेक रु.४९ अर्ब २९ करोड ५५ लाख ४३ हजार हुने गरी संचालक समितिबाट मिति २०७४/१२/३० मा स्वीकृत भएको थियो । जसमध्ये आयोजना कार्यान्वयनको लागि विभिन्न संरचनाहरुको खरिद सम्झौता हुँदाका बखत Base Date मा कायम विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यनको कारणले हुन जाने नोक्सानी वापत अनुमानित रु.७ अर्ब समेत समावेश रहेको थियो ।

  यसरी पूर्व स्वीकृत लागत अनुमान नपुग हुने भई लागत अनुमान संशोधन भएको परिप्रेक्ष्यमा पहिले वित्तिय व्यवस्थापन भइसकेको रकममा करिब रु.८ अर्ब नपुग हुने देखिएको थियो । यसरी नपुग हुने रकम वित्तिय व्यवस्थापन गर्नु आवश्यक भएकोले सोको लागि साविक ऋण प्रदायक संस्थाहरुबाट समानुपातिक रुपमा थप ऋण उपलव्ध गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयानुसार कम्पनीका

ऋण प्रदायक संस्थाहरुसंग थप ऋण लगानीको लागि अनुरोध गरिएबमोजिम थप दीर्घकालिन ऋण प्राप्त भएको थियो ।

तत्पश्चात पनि विभिन्न बाधा अवरोध र COVID-19 का कारण संशोधित लागत अनुमान नपुग भएकोले रु.६ अर्ब थप अल्पकालिन ऋण लिई आयोजना निर्माण कार्य सम्पन्न भएको छ ।

- आयोजनाको प्रति मे.वा. लागतः रु.१९ करोड ५२ लाख ७७ हजार (निर्माण अवधीको व्याज सहित)
- आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ८.१०वर्ष
- डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि :१३.३७ वर्ष
- विद्युत खरीद बिक्री सम्झौता भएको मिति : २०६७/०९/१४
- विद्युत खरिद बिक्री सम्झौताका मूख्य मूख्य बुदाँहरु :
  - क) कम्पनी आयोजनाको प्राविधिक डिजाइन, निर्माण, उपकरण आपूर्ति, जडान, परीक्षण तथा कमिशनिङ्गको लागि पूर्णरुपले जवाफदेही रहनेछ । बिद्युत खरीद बिक्री सम्झौता अवधिभर आयोजनाको संचालन तथा सम्भारको जिम्मेवारी कम्पनीमा निहित रहनेछ ।
  - ख) बिद्युत खरीद बिक्री सम्झौताको अवधि व्यापारिक उत्पादन हुने मिति (Commercial Operation Date) बाट ३० वर्ष वा उत्पादन अनुमति पत्रको अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
  - ग) आ.व.२०६७/६८ लाई बिद्युत खरीद बिक्री मूल्यको आधार वर्ष मानिनेछ ।
  - घ) आधार वर्ष २०६७/६८ को बिद्युत खरीद बिक्री मूल्य निम्नानुसार हुनेछ :
    आधार वर्षको औषत मूल्य रु.३।५० प्रति युनिट
    RCOD समयको औषत मूल्य रु.४।०६ प्रति युनिट
    उपरोक्त मूल्यहरूको सुख्खायाम र वर्षायामको मूल्य विवरण बिद्युत खरीद बिक्री सम्झौतामा विस्तृत रुपमा तय गरिएको छ ।.
  - ङ) आधार वर्षमा कायम भएको बिद्युत ऊर्जाको मूल्यलाई वार्षिक ३ (तीन) प्रतिशतका दरले मूल्य बृद्धि दिइनेछ ।. बिद्युतको व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति (Required Commercial Operation Date) सम्म ५ पटक मूल्य बृद्धि दिने तथा (Commercial Operation Date(COD)) कायम भएपछि ९ पटकसम्म सोही अनुरुप मूल्यबृद्धि दिइनेछ ।.
- उत्पादन सुरु भएको मितिः विद्युतगृहमा जडित ६ वटा युनिटहरु मध्ये ४ वटा युनिटबाट मिति २०७८ भाद्र ४ देखि र बाँकी २ वटा युनिटबाट २०७८ भाद्र २५ देखि व्यापारिक उत्पादन शुरु भएको छ ।
- माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भईसकेको अवस्थामा उक्त जलविद्युत केन्द्रबाट उत्पादन हुने विद्युतको क्षमता र विद्युत खरिद बिक्री सम्झौता अनुसार विद्युतको व्यापारिक उत्पादन भएको वर्ष वर्षायाममा प्रति यूनिट रु. ३।६३ का दरले र सुख्खायाममा प्रति यूनिट रु. ६।९६ का दरले विद्युत बिक्री हुने र तत्पश्चात प्रति वर्ष ३% का दरले ९ वर्षसम्म विद्युत बिक्री दर बृद्धि हुने प्रावधान रहेको छ ।

**माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण अवधीः**

कम्पनीको उद्देश्य अनुसार नेपाल सरकारद्वारा राष्ट्रिय गौरबको आयोजना घोषित ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको लागि सम्पूर्ण रुपमा स्वदेशी पूँजि लगानी जुटाउन सफल भए पछि २०६८ साल देखि ६ वर्ष भित्र आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको भए तापनि भौगर्भिक कारणले मुख्य सुरुङ्गको डिजाइनमा परिवर्तन गर्नु परेको २०७२ साल बैशाखको विनाशकारी भूकम्प, नेपाल भारत सीमा नाकामा भएको अवरोध, सडक विभागद्वारा लामोसाँगु-चरिकोट खण्ड सुदृढीकरणको कार्यमा भएको ढिलासुस्ती र हाइड्रोमेकानिकल कार्यका ठेकेदारद्वारा आयोजनाको जटिल संरचना मानिएको ८०० मिटर अग्लो Vertical Shaft मा Steel Pen Stock Pipe जडान कार्यमा भएको सुस्तताका कारण आयोजनाको निर्माण सामग्री तथा विभिन्न उपकरणहरू ढुवानीमा अवरोध पुग्न गएको थियो । यसरी आयोजनाको कार्यमा प्रभाव परिरहेको अवस्थामा पुनः कोभिड-१९ जस्ता महामारी फैलिएको कारण आयोजना निर्माण अवधी लम्बिन गएकोले २०७८ साल आषाढमा मात्र आयोजना निर्माण सम्पन्न भएको ।

**आयोजनाको निर्माण सम्पन्न हुँदाका बखतसम्मको पूँजिकृत लागतः**

माथिल्लो तामाकोशी जलविद्युत आयोजना २०७८ साल आषाढमा निर्माण सम्पन्न भई परिक्षण उत्पादन कार्य सम्पन्न भए पश्चात २०७८ भाद्र ४ देखि आंशिक र २०७८ भाद्र २५ देखि पूर्णरुपमा व्यापारिक

उत्पादन शुरु भई विद्युत बिक्रीबाट आय आर्जन प्रारम्भ भएकोले सो मितिसम्म आयोजनामा भएको खर्चहरू र निर्माण अवधीको व्याज समेत गरी जम्मा रु.८९ अर्ब ६४ करोड २० लाखको आयोजना पूँजिकरण भएको छ । उक्त पूँजिकृत लागतमा आयोजना निर्माण अवधीको व्याज रु.३३ अर्ब ०४ करोड समेत समावेश भएको छ ।

**आयोजना निर्माणको लागि वित्तिय स्रोत व्यवस्थापनः**

| | |
|---|---|
| स्वपूँजि(शेयर संकलनबाट प्राप्त) रकम- | १० अर्ब ५९ करोड |
| नेपाल सरकारबाट ने.वि.प्रा.को जमानतमा प्राप्त दीर्घकालिन ऋण- | १३ अर्ब ०० करोड |
| कर्मचारी सञ्चय कोषबाट ने.वि.प्रा.को जमानतमा प्राप्त दीर्घकालिन ऋण- | १४ अर्ब ०० करोड |
| नेपाल दूरसञ्चार कम्पनी लि.बाट प्राप्त दीर्घकालिन ऋण- | ८ अर्ब ४० करोड |
| राष्ट्रिय बीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण- | २ अर्ब ८० करोड |
| नागरिक लगानी कोषबाट प्राप्त दीर्घकालिन ऋण- | २ अर्ब ८० करोड |
| अन्य विभिन्न संस्थाहरूबाट प्राप्त अल्पकालिन ऋण- | ५ अर्ब १० करोड |
| जम्मा - | ५६ अर्ब ६९ करोड |
| निर्माण अवधीको पूँजिकृत व्याज रु. | ३३ अर्ब ०४ करोड |
| कूल जम्माः | ८९ अर्ब ७३ करोड |

**परियोजनाको मुख्य संरचनाहरु निर्माण लगायत अन्य विवरण :**

२०७२ वैशाखको विनाशकारी भूकम्पको प्रभावले गर्दा २०७२ सालभरि नै निर्माण कार्य रोकिन गएको थियो । भूकम्पले गर्दा प्रवेशमार्गको धेरै ठाउँमा पहिरोले क्षति पुर्‍याएको हुँदा मर्मत संभारमा धेरै समय लागेको र गोंगर-लामाबगर खण्डको काभ्रे भीर नजिकै सडक खण्डमा ठुलो पहिरो आई पुनर्निमाण गर्न असम्भव भएको हुनाले सो स्थानमा ३३७ मि. लामो सुरुङमार्ग निर्माण गरिएको छ ।

विद्युतगृहमा पानी पठान्तरणको लागि ८.५ कि.मि. लामो मुख्य सुरुङ निर्माण भएको छ । यसका साथै सहायक सुरुङ्गहरु मध्ये ३७३ मि.अग्लो तल्लो पेनस्टक स्याफ्ट (Lower Penstock Shaft) र ३११ मि. अग्लो माथिल्लो पेनस्टक स्याफ्ट (Upper Penstock Shaft) सहित १८ कि.मि. सुरुङ निर्माण भएको छ । साथै, उक्त Shaft हरुमा Steel Penstock Pipe जडान भएको छ ।

१४२ मिटर लम्बाई, १३ मिटर चौडाई र २५ मिटर उँचाईको भूमिगत विद्युतगृह निर्माण भएको छ । विद्युतगृहको सबै ६ वटा युनिटहरु जडान गरी कंक्रिट गरिएको छ । आयोजनाको सुरु डिजाइनमा विद्युतगृहको Control Room Building बाहिरी सतहमा विद्युतगृह जाने मुख्य पँहुच सुरुङ (Main Access Tunnel) को प्रवेश बिन्दु (Portal)मा रहेकोमा भूकम्पपश्चात् आयोजनास्थल वरिपरि पहिरोहरु आई ढुँगाहरु झर्ने तथा गोंगर खोलामा आउने Debris Flow बाट बाहिरी सतहमा रहने Control Room Building मा क्षति पुग्ने र त्यसबाट विद्युतगृह सञ्चालनमा नै अवरोध पुग्ने ठुलो जोखिम बढेको हुनाले उक्त Control Room Building लाई मुख्य पँहुच सुरुङको Portal बाट नजीकै (१७ मि. दुरीमा) जमिनको भित्री भागमा स्थानान्तरण गरिएको छ ।

विद्युतगृहस्थल गोंगर देखि रामेछापको न्यू खिम्ती सम्म ४७ कि.मि. लामो २२० के.भी. १२७ वटा प्रसारण लाइनको टावर निर्माण र जडान कार्य लगायत उक्त स्थानमा सवस्टेशन निर्माण गरि राष्ट्रिय प्रशारण लाइनमा विद्युत प्रवाह भइरहेको छ ।

आयोजना निर्माणको लागि चरिकोट देखि लामाबगर सम्म करीब ७० कि.मी. सडक कम्पनीले निर्माण गरेको छ ।

**रोल्वालिङ्गखोला जलविद्युत आयोजना सहित समग्र रोल्वालिङ्ग डाइभर्सन आयोजनाको सम्बन्धमाः**

- दोलखा जिल्ला स्थित गौरीशंकर हिमालको फेदीमा रहेको च्छो रोल्पा हिमतालबाट निस्कने पानीबाट बग्ने खोलालाई रोल्वालिङ्गखोला भनिन्छ । यो खोला माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लागि निर्माण भएको बाँध रहेको स्थान भन्दा करीब ५ किलोमिटर तल down stream मा पुगेर तामाकोशी नदीमा मिसिन्छ ।
- माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको detailed engineering design को क्रममा ४५६ मेगावाट क्षमताको लागि सम्पूर्ण भूमिगत संरचनाहरू प्रथम चरणमा नै निर्माण गर्ने र dry season मा थप उर्जा उत्पादन गर्न सहयोग पुग्ने देखिएकोले रोल्वालिङ्ग खोलाको पानीलाई सुरुङ्ग मार्फत diversion गरी लामाबगर स्थित dam site मा खसाल्ने कार्य दोश्रो चरणमा गर्ने योजना रहे अनुसार उक्त सुरुङ्ग निर्माणको लागि परामर्शदाता मार्फत detailed engineering design गरिएको थियो ।

- रोल्वालिङ्ग खोला जलविद्युत आयोजना वागमती प्रदेश, दोलखा जिल्लाको गौरीशंकर र विगु गाउँपालिकामा निर्माण गर्न लागिएको २२ मेगावाट क्षमताको आयोजना हो ।आयोजनास्थल काठमाण्डौबाट करिब २०० किलोमिटरको दुरीमा रहेको छ । यस आयोजनाको बाँध स्थल तामाकोशी नदी र रोल्वालिङ्ग खोलाको संगमबाट करिव ३.७५ किलोमिटर माथि गौरीशंकर गाउँपालिका वडा न. ९ मा अवस्थित छ। यस्तै, आयोजनाको भुमिगत विद्युतगृह (powerhouse) विगुँ गाँउपालिका वडा न. १ लामाबगरमा अवस्थित माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको बाँध स्थलबाट करिब १ किलोमिटर पूर्व तामाकोशी नदीको देब्रे किनारमा पर्दछ ।
- यस कम्पनीद्वारा प्रस्तावित EPC (Engineering, Procurement and Construction) Model मा एकल प्याकेजमा निर्माण गरिने रोल्वालिङ्ग खोला जलविद्युत आयोजनाको निर्माणको लागि निर्माण व्यवसायी SSCE-High Himalaya J/V सँग खरिद सम्झौता भैसकेको छ । हाल उक्त ठेकेदारबाट प्रारम्भिक चरणका कार्यहरु तथा डिजाइन कार्य प्रारम्भ भैरहेको छ ।
- प्रस्तावित आयोजना तामाकोशी नदीको एक प्रमुख सहायक नदी रोल्वालिङ्ग खोलामा प्रस्ताव गरिएको रन अफ रिभर ( RoR) किसिमको जलविद्युत आयोजना हो । आयोजनाबाट वार्षिक सरदर १०५ गिगावाट घण्टा विद्युतिय ऊर्जा उत्पादन हुनेछ भने डाईभर्सन स्किमबाट वार्षिक सरदर २१२ गिगावाट घण्टा विद्युतिय ऊर्जा उत्पादन हुनेछ ।
- परामर्शदाताले सुरुङ्गको detail design सम्पन्न गरी पेश गरेको प्रतिवेदनमा यसै सुरुङ्ग भित्र भूमिगत विद्युतगृह निर्माण गरी थप विद्युत उत्पादन गर्न सकिने कुरा सिफारिस भएको हुँदा यस विषयमा थप अध्ययन गरी २०.६६ मेगावाट क्षमताको १०५ गिगा वाट आवर विद्युत उत्पादन हुने गरी विद्युतगृह निर्माण गर्ने योजना अनुसार कार्य अगाडी बढाइएको छ ।
- साथै, उक्त विद्युतगृहबाट विद्युत उत्पादन पश्चात निस्कने पानी लामाबगर स्थित माथिल्लो तामाकोशीको बाँधमा मिसिने भएकोले हिउँदयाम (dry season) मा करिब २१२ गिगा वाट आवर उर्जा थप हुने भएकोले यस आयोजनाको निर्माण सम्पन्न भए पश्चात कम्पनीको वित्तिय स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने अवस्था रहेको छ ।
- रोल्वालिङ्गखोला जलविद्युत आयोजना सहित समग्र रोल्वालिङ्ग डाइभर्सन आयोजना EPC model मा निर्माणको लागि खरिद सम्झौता भईसकेकोले यसै आर्थिक वर्ष देखि निर्माण कार्य प्रारम्भ गरी आगामी जुन २०२७ भित्र निर्माण सम्पन्न गर्ने योजना रहेको छ ।
- यो आयोजनाको अनुमानित लागत मू.अ.कर सहित रु. ७ अर्ब ९२ करोड ८५ लाख रहेकोछ ।
- रोल्वालिङ्गखोला जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (EIA Report) नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेकोछ ।
- यो आयोजनाको उत्पादन अनुमति पत्र (Generation License) को म्याद मिति २११४।१२।१९ सम्म कायम रहने गरी विद्युत विकास विभागबाट अनुमति प्राप्त भइसकेको छ ।
- साथै, आयोजनाको उद्योग विभागमा पनि दर्ता गर्नु पर्ने भएकोले सो विभागमा पनि दर्ताको लागि निवेदन पेश गरिएको हुँदा उद्योग दर्ता हुने प्रकृयामा रहेको छ ।
- रोल्वालिङ्ग खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत र सोही पानीबाट माथिल्लो तामाकोशीबाट थप उत्पादन हुने विद्युतको लागि समेत नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौताको लागि निवेदन पेश भई छलफलको प्रकृयामा रहेकोले नेपाल विद्युत प्राधिकरणबाट मिति २०८०।०१।२८ को पत्रमार्फत ६ महिनाभित्र संझौता हुने प्रतिद्धता पत्र प्रषित गरेको हुँदा सो अवधि भित्र विद्युत खरिद विक्री सम्झौता हुने सुनिश्चितता भएको छ । यध्यपी नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद विक्री सम्झौता हुने क्रममा रहेकोले विद्युत उत्पादन  शुरु गर्नु पर्ने मिति (RCOD) निर्धारण गर्न भने बाँकी रहेको छ ।
- यसको Gross Head 207.18m र Net Head 205.19 m रहेको छ । आयोजनाबाट उत्पादित विद्युत प्रशारणको लागि लामाबगर देखि गोंगर स्थित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको switch yard सम्म ८.३५ कि.मि लामो ३३ के.भी प्रशारण लाइन निर्माण गरी राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह हुनेछ ।
- आयोजना निर्माणको लागि आवश्यक जग्गाहरु मध्ये लामाबगरमा ५२ रोपनी तथा रिकुमा ७३ रोपनी गरी कुल १२५ रोपनी जग्गा, जग्गा प्राप्ति ऐन २०३४ अनुसार अधिग्रहण भई मूल्य निर्धारणको प्रक्रियामा

रहेकोले सो कार्य सम्पन्न गरी मुआव्जा वितरण गरिने छ। रोल्वालिङ खोला जलविद्युत आयोजना निर्माणको चरणमा वीमा सम्वन्धि व्यवस्था आयोजना निर्माणको लागि भएको खरिद सम्झौता अनुसार निर्माण व्यवसायीको दायित्व भित्र पर्नेछ । आयोजना निर्माण सम्पन्न गरी कम्पनीलाई हस्तान्तरण भए पछि कम्पनीले सम्पतिको वीमा गर्नेछ । माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको भने कम्पनीले वार्षिक रुपमा प्रिमियम भुक्तानी गर्ने गरी सम्पत्तिको विमा गरिसकेको छ ।

- रोल्वालिङ खोला जलविद्युत आयोजनाको जडित क्षमता २२ मेगावाट (१०५.३० गेगावाट आवर) र सोहि पानीबाट माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा सुख्खायाममा थप हुने २१२ गिगावाट आवर विद्युत समेत गरी कुल कुल ३१७ गिगावाट विद्युत उत्पादन हुनेछ ।
- आयोजनाको भूमिगत (मुख्य सुरुङ) ) Head Race Tunnel को लम्बाई ६.२ कि.मि र आन्तरिक गोलाई ४.० x ४.२ मिटरको हुनेछ भने Adit Tunnel, Tail Race Tunnel समेत कुल Tunnel को लम्वाई १० कि.मि हुनेछ । रोल्वालिङ खोला जलविद्युत आयोजनाको विद्युत गृहमा २ वटा Pelton Type को मेशिन जडान हुनेछ । भुमिगत विद्युत गृहको उचाई २२ मिटर, लम्वाई ३५.० मिटर र चौडाई ११.८५ मिटर हुनेछ ।
- हकप्रद शेयरबाट प्राप्त रकम मध्ये माथिल्लो तामाकोशीको बाँकी रकम चुक्ता गरी बचत रकम रु. ३ अर्ब ४५ करोडबाट नपुग हुने रकम मात्र व्यवस्थापन गर्न आवश्यक भएको हुँदा सोको लागि माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बिक्रिबाट प्राप्त आय मध्ये ऋण प्रदायक संस्थाहरुलाई त्रैमासिक रुपमा भुक्तानी गर्नु पर्ने दीर्घकालिन ऋणको साँवा व्याज भुक्तानी पश्चात बचत हुने रकमबाट खर्च व्यहोरिने र सोबाट पनि नपुग भएमा अन्य बैंक तथा वित्तिय संस्थाबाट ऋण लिन सकिने ।
- रोल्वालिङ खोला जलविद्युत आयोजनाको लागि आवश्यक ऋण लगानी गर्न नविल बैंक लिमिटेड इच्छुक रहेको जानकारी गराँउदै उक्त बैंकले August 3, 2021 र October 01, 2021 को पत्रबाट र हाइड्रोइलेक्टिसिटि क्ष्न्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी लि. ले २८ अप्रिल २०२३ को पत्रबाट Letter of Intent पेश गरेको हुँदा ऋण लगानीको समस्या नहुने । तथापी, यस विषयमा उक्त बैंकसंग थप छलफल गरी निर्क्यौल गर्न बाँकी रहेको छ ।

**(ङ) पूँजीको संरचना :**

अधिकृत पूँजीः कम्पनीको अधिकृत पूँजी रु.३०,००,००,००,०००/-(तीस अर्ब) रहेको छ। जसलाई प्रति शेयर अंकित मुल्य रु.१००/-का दरले ३०,००,००,०००(तीस करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.२१,१८,००,००,०००/- (एकाइस अर्ब अठार करोड) रहेको छ। जसलाई प्रति शेयर अंकित मुल्य रु १००/- का दरले २१,१८,००,००० (एकाइस करोड अठार लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : हाल कम्पनीको चुक्ता पूँजी रु.१०,५९,००,००,०००/-(दश अर्ब उनानसाठ्ठी करोड) रहेको छ। जसलाई प्रति शेयर अंकित मुल्य रु.१०० का दरले १०,५९,००,०००(दश करोड उनानसाठ्ठी लाख) कित्ता शेयरमा विभाजन गरिएको छ । यस हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत रु.१०,५९,००,००,०००/- (दश अर्ब उनान्साठी करोड) मूल्य बराबरको १ बराबर १ का दरले हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रकम रु.२१,१८,००,००,०००/- (एकाइस अर्ब अठार करोड) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा परिवर्तन भएको सम्बन्धी विवरण :**

**(रु.हजारमा)**

| आ.व. | अधिकृत पूंजी | जारी पूंजी | चुक्ता पूंजी |
|---|---|---|---|
| २०६३/०६४ | ५०,००,०० | ४०,००,०० | १२,५०,०० |
| २०६६/०६७ | १०,००,००,०० | ९,००,००,०० | २,००,००,०० |
| २०६७/०६८ | १०,००,००,०० | ९,००,००,०० | ४,५९,००,०० |
| २०६८/०६९ | १०,००,००,०० | १०,५९,००,०० | ४,५९,००,०० |
| २०६९/०७० | ११,००,००,०० | १०,५९,००,०० | ५,४०,०९,०० |

| | | | |
|---|---|---|---|
| २०७१/०७२ | ११,००,००,०० | १०,५९,००,०० | ७,९४,२५,०० |
| २०७५/०७६ | ११,००,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |
| २०७९/०८० | ३०,००,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात हुने कम्पनीको चुक्ता पूँजी स्थितिः**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्न पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१०,५९,००,००,०००/-(दश अर्ब उनानसाठ्ठी करोड) रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.२१,१८,००,००,०००/– (एकाइस अर्ब अठार करोड) कायम हुनेछ ।

**हकप्रद शेयर निष्काशन गर्नुपुर्व र निष्काशन पश्चात हुने कम्पनीको चुक्ता पूँजी संरचना :**

**(रु.हजारमा)**

| आ.व. | अधिकृत पूंजी | जारी पूंजी | चुक्ता पूंजी |
|---|---|---|---|
| २०७८/०७९ | ११,००,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |
| २०७९/०८० | ३०,००,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |
| २०८०/०८१ | ३०,००,००,०० | २१,१८,००,०० | २१,१८,००,०० |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना र उनीहरुले लिएको शेयर संख्या :**

संस्थापकको नाम ठेगाना र शेयर स्वामित्व देहाय बमोजिम रहेको छ ।

| संस्थापक शेयरधनीहरु | ठेगाना | शेयर संख्या |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरण | दरबारमार्ग, काठमाण्डौ | ४,३४,१९,००० |
| नेपाल दुरसञ्चार कम्पनी लिमिटेड | भद्रकालिप्लाजा, काठमाण्डौ | ६३,५४,००० |
| राष्ट्रिय बीमा संस्थान | रामशाहपथ, काठमाण्डौ | २१,१८,००० |
| नागरिक लगानी कोष | बानेश्वर, काठमाण्डौ | २१,१८,००० |

संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण -Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

कम्पनी स्थापना गर्दा नेपाल विद्युत प्राधिकरणको ५१% शेयर रहेकोमा मिति २०६७/०४/१० मा भएको शेयरधनी सम्झौता अनुसार संस्थापक शेयरमध्येबाट नेपाल टेलिकमलाई ६%, राष्ट्रिय बीमा संस्थानलाई २% र नागरिक लगानीकोषलाई २% शेयर दिने गरी मिति २०६७६।२० मा प्रबन्धपत्र संशोधन गरिएको थियो ।

| संस्थापक कम्पनी वा संस्था | कम्पनी वा संस्था विवरण |
|---|---|
| नेपाल विद्युत प्राधिकरण | नेपाल विद्युत प्राधिकरण ऐन २०४१ बमोजिम विद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ स्थापना भएको संगठित संस्था हो । यसको स्थापना २०४२ साल भाद्र १ गते भएको हो । |
| नेपाल दुरसञ्चार कम्पनी लिमिटेड | नेपालमा दुरसञ्चार सेवा प्रदायकको रुपमा २०६० साल माघ २२ गते यो संस्था कम्पनी ऐन, २०२१ अन्तर्गत दर्ता भइ नेपाल दूरसञ्चार प्राधिकरणमा व्यवसाय दर्ता भएको हो । |
| राष्ट्रिय बीमा संस्थान | प्राइभेट कम्पनीको रुपमा मिति २०२४ साल पौष १ गते स्थापना भएको राष्ट्रिय बीमा कम्पनी पछि मिति २०२५ पौष १ गते संस्थानमा परिवर्तन भएको हो । सरकारको स्वामित्व रहेको संस्थानले जीवनबीमासम्बन्धी कारोबार गर्दछ । |
| नागरिक लगानी कोष | नागरिक लगानी कोष ऐन,२०४७ बमोजिम मिति २०४७ चैत्र ४ गते नागरिक लगानी कोष स्थापना भएको थियो । अर्ध सरकारी स्वामित्व भएको कोषले इनभेष्टमेन्ट ट्रष्टको रुपमा काम गर्छ । |

अ) नेपाल विद्युत प्राधिकरणका संचालकहरु:

| संचालकको नाम | ठेगाना | पद |
|---|---|---|
| श्री शक्ति बहादुर बस्नेत<br>माननिय मन्त्री, ऊर्जा मन्त्रालय | ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार | अध्यक्ष |
| श्री दिनेश कुमार घिमिरे, सचिव | ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार | सदस्य |
| श्री डा. राम प्रसाद घिमिरे | अर्थ मन्त्रालय, सिंहदरबार | सदस्य |

| संचालकको नाम | ठेगाना | पद |
|---|---|---|
| राजस्व सचिव, अर्थ मन्त्रालय | | |
| श्री भरत राज आचार्य , विशेषज्ञ उद्योग बाणिज्य तथा वित्तीय क्षेत्र | ललितपुर महानगरपालिका, वडा नं. १४ | सदस्य |
| श्री राजेन्द्र बहादुर क्षेत्री, विशेषज्ञ उर्जा क्षेत्र | मुडिकुवा ८, पर्वत | सदस्य |
| श्री भक्त बहादुर पुन प्रतिनिधि उपभोक्ता समूह | पूर्णिमकाडा ९, रुकुम | सदस्य |
| श्री कपिल आर्चाय, विशेषज्ञ उर्जा क्षेत्र | चौरजहारी न.पा. १२, रुकुमा पश्चिम | सदस्य |
| श्री कुलमान घिसिङ<br>कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | का.म.न.पा वडा नं.६ बौद्ध | सदस्य सचिव |

आ) नेपाल टेलिकमका संचालकहरु

| संचालकको नाम | ठेगाना | पद |
|---|---|---|
| श्री कृष्ण बहादुर राउत,<br>सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं । | अध्यक्ष |
| श्री सुनिल पौडेल<br>प्रबन्ध निर्देशक, नेपाल टेलिकम | नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, भद्रकालिप्लाजा, काठमाण्डौ । | सदस्य |
| श्री बाबुराम भण्डारी<br>सहसचिव,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं । | सदस्य |
| श्री सुशिल कोईराला<br>सहसचिव, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय | नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय, सिंहदरबार, काठमाण्डौ । | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौ । | सदस्य |
| श्री अम्बिका प्रसाद पौडेल<br>सर्वसाधारण शेयर प्रतिनिधि | नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, भद्रकालिप्लाजा, काठमाण्डौ । | सदस्य |
| श्री शंकर लामिछाने<br>कर्मचारी प्रतिनिधि | नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, भद्रकालिप्लाजा, काठमाण्डौ । | सदस्य |
| श्री राजेन्द्र अर्याल<br>कम्पनी सचिव, नेपाल टेलिकम | नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, भद्रकालिप्लाजा, काठमाण्डौ । | कम्पनी सचिव |

इ) राष्ट्रिय बीमा संस्थानका संचालकहरु

| संचालकको नाम | ठेगाना | पद |
|---|---|---|
| श्री इश्वर पौडेल | भरतपूर २, चितवन । | अध्यक्ष |
| श्री प्रकाश कुमार अधिकारी<br>सहायक प्रमुख कार्यकारी अधिकृत | नेपाल बैंक लिमिटेड, न्यूरोड, काठमाण्डौ । | सदस्य |
| श्री राम प्रसाद गौतम<br>निर्देशक | नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार । | सदस्य |
| श्री रञ्जन कृष्ण अर्याल | क्षेत्रपाटी, काठमाण्डौ । | सदस्य |
| श्री अरुण पोखरेल, प्रमुख भन्सार प्रशासक | त्रि.वि. स्थल, भन्सार, कार्यालय । | सदस्य |
| श्री कवि प्रसाद पाठक<br>प्रशासक | राष्ट्रिय वीमा संस्थान, सिहदरवार, काठमाण्डौ । | सदस्य |
| श्री कृष्ण कुमार श्रेष्ठ<br>सहायक प्रशासक, राष्ट्रिय विमा संस्थान | राष्ट्रिय वीमा संस्थान, सिहदरवार, काठमाण्डौ । | सदस्य |
| श्री भोला नाथ घिमिरे<br>व्यवस्थापक, राष्ट्रिय विमा संस्थान | राष्ट्रिय वीमा संस्थान, सिहदरवार, काठमाण्डौ । | सचिव |

ई) नागरिक लगानीकोषका संचालकहरु

| संचालकको नाम | ठेगाना | पद |
|---|---|---|
| प्रा.डा. सूर्य बहादुर थापा | मध्येपुर न.पा. वडा नं.२, ठिमि, भक्तपुर | अध्यक्ष |
| श्री इश्वरी प्रसाद अर्याल | सह सचिव, अर्थ मन्त्रालय | सदस्य |
| श्री कवि प्रसाद पाठक, प्रशासक | प्रशासक, राष्ट्रिय वीमा संस्थान | सदस्य |
| श्री कृष्ण बहादुर कार्की | महाप्रबन्धक, नेपाल स्टक एक्सचेन्ज | सदस्य |
| श्री अशोक बुढाथोकी | ललितपुर मा.न.पा वडा नं. १४, खुमलटार, | सदस्य |
| श्री गंगाराम विश्वकर्मा | दमक न.पा. वडा नं. ५, झापा | सदस्य |
| श्री नवराज खड्का | नागरिक लगानी कोष | सचिव |

(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :

कम्पनीको हाल कायम चुक्ता पूँजी कुल साधारण शेयर संख्या १०,५९,००,००० (दश करोड उनान्साठ्ठी लाख) कित्ताको एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/– का दरले जम्मा १०,५९,००,००० (दश करोड उनान्साठ्ठी लाख) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**(झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको चौधौ वार्षिक साधारण सभाबाट कम्पनीको प्रबन्धपत्र सशोधन पश्चात कायम हुन आउने पूंजीमा एक कित्ता बराबर एक (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत भएको ।

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति : २०७९/०५/०३

**(ञ) कम्पनीका संचालकहरुको परिचयः**

| क्र.सं. | नाम | पद | ठेगाना | शैक्षिक योग्यता र अनुभव | प्रतिनिधित्व गर्ने संस्था र पद |
|---|---|---|---|---|---|
| १ | श्री कुलमान घिसिङ्ग | अध्यक्ष | का.म.पा. वडा नं.६, बौद्ध । | -MSc. in Power System<br>-EMBA<br>-BSc. Engineering<br>-जलविद्युत क्षेत्रमा २७ वर्षको अनुभव | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| २ | श्री सुनिल पौडेल | संचालक | का.म.पा. वडा नं.३१, शान्तिनगर । | -स्नातकोत्तर (सूचना प्रविधि)<br>–राष्ट्रिय सूचना प्रविधि केन्द्रमा १३ वर्ष र नेपाल टेलिकममा १ वर्षाको अनुभव | प्रबन्ध निर्देशक, नेपाल दुरसंचार कम्पनी लिमिटेड |
| ३ | श्री रामजी भण्डारी | संचालक | का.म.पा. वडा नं.१४, अर्किड कोलोनी । | -Master in Power System<br>-B.E. Electrical<br>-जलविद्युत क्षेत्रमा २४ वर्षको अनुभव | उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| ४ | श्री लोकहरी लुँइटेल | संचालक | बुढानिलकण्ठ न.पा. वडा नं.१० । | -MBA<br>-ACCA(UK)<br>-नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकममा लेखा सम्बन्धी २५ वर्षको अनुभव | उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| ५ | श्री मदन तिम्सीना | संचालक | मध्यपुर ठिमी न.पा. वडा नं.१, लकन्थली | -B.E. Mechanical<br>-M.E. Mechanical<br>-जलविद्युत क्षेत्रमा २६ वर्षको अनुभव | उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| ६ | श्री दर्शन भट्टराई | संचालक | का.म.पा. वडा नं.४, प्रगतिटोल । | -MBA (General Management)<br>-BE (Computer Engineering)<br>-कर्मचारी संचयकोषमा १५ वर्षको अनुभव | का.मु.मुख्य प्रबन्धक, कर्मचारी संचय कोष |
| ७ | श्री सृजना सुवेदी | संचालक | सुर्यविनायक न.पा., वडा नं.३, नँयावस्ती,बालकोट भक्तपुर । | -स्नातक (व्यवस्थापन)<br>- MPA थेसिस बाँकी<br>-करीब १५ वर्षको शेयर वजार तथा अनुसन्धान र प्रशिक्षक | सर्वसाधारण समूह ख |
| ८ | श्री राजन श्रेष्ठ | संचालक | चन्द्रागिरी न.पा., वडा नं.१२, बलम्बु । | -स्नातक (राजनितिशास्त्र)<br>-सहकारी संस्था तथा वित्तीय क्षेत्रमा १० वर्षको अनुभव | सर्वसाधारण समूह ख |
| ९ | श्री हरि प्रसाद भुर्तेल | संचालक | मध्यपूर ठिमी न.पा., वडा न.२,आदर्शनगर भक्तपुर । | -स्नातकोत्तर (अर्थशास्त्र)<br>-कर्मचारी संचयकोषमा ३३ वर्षको कार्यानुभव, जलविद्युत क्षेत्रमा ३ वर्षको अनुभव | सर्वसाधारण समूह ख |
| १० | श्री दीपक कार्की | संचालक | बुढानिलकण्ठ न.पा., वडा नं.१०, काठमाण्डौ । | -Proficiency Certificate Level<br>–बैंकिङ क्षेत्रमा ८ वर्षको अनुभव<br>- जलविद्युत क्षेत्रमा ८ वर्षको अनुभव | सर्वसाधारण समूह ख |

**(ट) सञ्चालक समितिको बनौट :**

सञ्चालक समितिको संरचना, सञ्चालकहरुको संस्थागत प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम ८ को उपनियम २ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिम ११ जना संचालक रहेको संचालक समिति रहने व्यवस्था गरिएको छ ।

| समूह | शेयरधनी | संचालक संख्या | शेयर स्वामित्व |
|---|---|---|---|
| संस्थापक समूह क | नेपाल विद्युत प्राधिकरण, नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोष | ५ जना | ५१ प्रतिशत |
| सर्वसाधारण समूह ख | सर्वसाधारणहरुबाट मनोनित | ४ जना | ४९ प्रतिशत |
| स्वतन्त्र सञ्चालक | | २ जना | |

नोटः-

– कम्पनीको संचालक समितिमा संस्थापक शेयरधनीहरुनेपाल विद्युत प्राधिकरणबाट ४ जना र नेपाल दुरसञ्चार कम्पनी लिमिटेडबाट १ जनाको प्रतिनिधित्व रहने व्यवस्था छ भने राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट १-१ जना प्रतिनिधिहरु स्थायी आमन्त्रितको रुपमा रहने छन् ।

– संचालक हुनको लागि कम्पनीको कम्तीमा १०० कित्ता शेयर लिनु पर्नेछ । तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

– कम्पनीमा स्वतन्त्र संचालक नियुक्ति हुन बाँकी रहेको ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति अर्थात हाल कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम दरखास्त साथ पेश गर्नुपर्नेछ ।

यदि कुनै साविक शेयरधनीले आफ्नो कायम हक भन्दा बढी शेयर खरिद गर्नको लागि आवेदन दिएमा सो बढी माग गरेको शेयरलाई बांडफांडमा समावेस गरिने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बांडफांड गरिनेछ ।

**(ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बांकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २० बमोजिम सम्बन्धित संगठित संस्थाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिने छ ।

**(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

कुनै पनि शेयरधनीहरुले आफ्नो कायम रहेको शेयर भन्दा बढी शेयरका लागि दरखास्त दिन पाउने छैन । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share)मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

(ण) **संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**कम्पनीको विगत ३ वर्षको लेखापरिक्षण भएको वासलात**

**(रु.हजारमा)**

| | बास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म |
|---|---|---|---|---|
| विवरण | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | |
| **स्थिर सम्पत्ति** | | | | |
| मेशिन तथा उपकरण एवं अन्य सम्पत्ति | ७०,७७ | ५८,९० | ८६,०६,१६,१९ | ८३,०६,६९,५७ |
| पूँजीगत कार्य प्रगति | ७६,२८,८२,०४ | ८६,०१,१८,६१ | ५१,८४,५२ | ९५,५४,३९ |
| स्थगन कर सम्पत्ति | | | | |
| **जम्मा** | **७६,२९,५२,८१** | **८६,०१,७७,५१** | **८६,५८,००,७१** | **८४,०२,२३,९७** |
| **चालु सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | ४६,९७ | १,००,१५ | १,६२,१६ | १,२८,९४ |
| नगद तथा नगद मौज्दात | ४२,३३,५७ | ५८,५२,१४ | २०,९३,३० | १२,९२,१७ |
| अन्य चालु सम्पत्ति | १,५७,६१,९९ | १,३६,२६,१६ | ३,०२,७४,९० | ३,३६,८०,०६ |
| कूल चालु सम्पत्ति | २,००,४२,५३ | १,९५,७८,४५ | ३,२५,३०,३५ | **३,५१,०१,१७** |
| **जम्मा सम्पत्ति** | **७८,२९,९५,३४** | **८७,९७,५५,९७** | ८९,८३,३१,०७ | **८७,५३,२५,१३** |
| **पूँजी तथा दायित्व** | | | | |
| **पूँजी** | | | | |
| शेयर पूँजी | १,०,५९,००,०० | १०,५९,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |
| जगेडा तथा संचित कोषहरु | (७९,०५,९४) | (८४,४०,८६) | (३,१५,९१,१०) | (६,९१,८०,२४) |
| खुद पूँजी | ९,७९,९४,०६ | ९,७४,५९,१४ | ७,४३,०८,९० | **३,६७,१९,७६** |
| | | | | |
| **गैर चालु दायित्व** | | | | |
| दीर्घकालिन ऋण | ३,४,५०,००,०० | ४०,५८,३०,९८ | ७३,७८,५७,६४ | ७३,१५,३८,८६ |
| लाभाँश व्यवस्था | - | - | - | - |
| दीर्घकालिन लगानीमा व्याज | २४,६७,४६,५६ | ३०,१७,३९,१५ | - | - |
| अन्य गैर चालु दायित्व | ९८,६२,९८ | १,०२,३१,४८ | - | - |
| **कूल गैर चालु दायित्व** | **६०,१६,०९,५४** | **७१,७८,०१,६१** | **७३,७८,५७,६४** | ७३,१५,३८,८६ |
| **चालु दायित्व** | | | | |
| अल्पकालिन कर्जा | ६,००,००,०० | ३,८०,००,०० | ५,१०,००,०० | ६,००,००,०० |
| व्यापारिक तथा अन्य दायित्व | २,३१,२५,१३ | २,६१,४२,७९ | ३,४५,२४,४३ | ४,६५,५१,६६ |
| ब्यवस्थाहरु | २,६६,६१ | ३,५२,४३ | ६,४०,१० | ५,१४,८६ |
| **कूल चालु दायित्व** | **८,३३,९१,७४** | **६,४४,९५,२२** | **८,६१,६४,५३** | **१०,७०,६६,५१** |
| **कुल पूँजी तथा दायित्व** | **७८,२९,९५,३४** | **८७,९७,५५,९७** | **८९,८३,३१,०७** | **८७,५३,२५,१३** |

**वास्तविक नाफा नोक्सान हिसाव**

**(रु.हजारमा)**

| विवरण | वास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म |
|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | |
| विक्री | - | - | ७,११,६७,८४ | ८,१२,८०,७९ |
| रोयल्टी खर्च | - | - | (१८,७९,३५) | (२०,३१,९३) |
| | | | **६,९२,८८,४९** | **७,९२,४८,८६** |
| ह्रासकट्टी खर्च | ( | (२४,८०) | (२,९९३,९१९) | (३,५८,६४,३९) |
| अन्य आम्दानी | १४,९६ | १,१६ | २०,३५ | २,४५,१० |

| विवरण | वास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म |
|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | |
| विदेशी विनिमय दरबाट (नोक्सान)/नाफा | (९,०७,८०) | १,४४,७४ | (४,५९,८०) | (२,९२,४२) |
| प्रशासनिक तथा व्यवस्थापकिय खर्च | (६,१६,९८) | (६,५३,८४) | (४४,०२,७७) | (७३,८६,४१) |
| संचालन नाफा / नोक्सान | (१५,३८,५६) | (५,३२,७४) | ३,४५,०७,०८ | **३,५९,५०,७४** |
| अन्य आय | - | - | ४९,११ | ३,८१,०५ |
| ब्याज खर्च | (२,०८) | (१,३०) | (५,७७,०५,६५) | (७,३९,२०,९३) |
| **कुल संचालन आय** | **(१५,४०,६४)** | **(५,३४,०३)** | **(२,३१,४९,४६)** | **(३,७५,८९,१४)** |
| वित्तीय लागत | | | | |
| अन्य लगानीबाट आम्दानी | | | | |
| सम्पत्ति बिक्रीबाट नाफा/घाटा | | | | |
| कर अघिको नाफा | (१५,४०,६४) | (५,३४,०३) | (२,३१,४९,४६) | (३,७५,८९,१४) |
| यस वर्षको आयकर | | | | |
| कर पछिको नाफा | (१५,४०,६४) | (५,३४,०३) | (२,३१,४९,४६) | (३,७५,८९,१४) |
| **यस वर्षको समायोजित नाफा/(नोक्सान)** | **(१५,४०,६४)** | **(५,३४,०३)** | **(२,३१,४९,४६)** | **(३,७५,८९,१४)** |

## वास्तविक नगद प्रबाह विवरण

**(रु.हजारमा)**

| विवरण | वास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म |
|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | |
| **संचालन गतिविधिहरूबाट नगद प्रवाह** | | | | |
| **यस वर्षको मुनाफा** | **(१५,४०,६४** | **(५,३४,०३)** | **(२,३१,४९,४६)** | **(३,७५,८९,१४)** |
| **समयोजन** | | | | |
| ह्रास | २८,७३ | २४,८० | २,९९,३९,१९ | ३,५८,६४,३९ |
| स्थगित खर्च | | | | |
| घटाउने : आयकर तिरेको | | | | |
| अचल सम्पत्तिको बिक्रीबाट लाभ | | | | |
| अन्य गैर नगद खर्च | | | | |
| घटाउने : | | | | |
| अचल सम्पत्तिको बिक्रीबाट घाटा | | | | (३४,०५,१६) |
| **कार्यशील पूंजी समायोजन** | (१,५१,१९१) | (५०,९२४) | (६,७८,९७२) | ३३,२२ |
| अन्य सम्पत्तिमा कमि/बृद्धि | ७,५०,१९ | २१,३५,८३ | (१,६६,४८,७४ | |
| मौजुडा सूचिहरूमा कमि/बृद्धि | ९१ | (५३,१८) | (६२,०१) | (१,२५,२५) |
| व्यापार भुक्तानीमा कमि/बृद्धि | | | | (१,२०,२७,२३) |
| प्रावधानहरूमा कमि/बृद्धि | १,६२,०१ | ८५,८२ | २,८७,६७ | |
| अन्य चालु दायित्वहरूमा कमि/बृद्धि | (६१,६०,९५) | ३०,१७,६६ | ८३,८१,६४ | |
| व्यापार प्राप्यमा कमी बृद्धि | | | | |
| **संचालन गतिविधिहरूबाट खुद नगद प्रवाह** | (६७,५९,७५) | ४६,७६,८९ | (१२,५१,७२) | |
| **कर तिरेको/फिर्ता** | | | | |
| **असाधारण वस्तुहरू अघि नगद प्रवाह** | (६७,५९,७५) | ४६,७६,८९ | (१२,५१,७२) | |
| गत वर्षको मिलान | १९,८६ | (९०) | ५४,७४,९७ | |
| **संचालन गतिविधिहरूबाट कुल नगद प्रवाह** | **(६७,३९,९०)** | **४६,७६,००** | **४२,२३,२६** | **६८,०५,२९** |
| | | | | |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | | | | |
| परियोजना कार्यमा कमि/बृद्धि | (९,५३,२८,४६) | (९,७२,३६,५७) | ८५,४९,३४,०९ | (४३,६९,८७) |
| सम्पत्ति, मेशिनरी तथा उपकरण प्राप्ती | १७,५७ | (१२,९२) | (८९,५९,७२,२२) | (५९,१७,७७) |
| सहायक कम्पनीहरूमा लगानी | | | | |
| **लगानी गतिविधिहरूबाट खुद नगद प्रभाह** | **(९,५३,४६,०२)** | **(९,७२,४९,५०)** | **(४,१०,३८,१३)** | **(१,०२,८७,६४)** |

| | | | | |
|---|---|---|---|---|
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | | |
| शेयर पूंजीमा बृद्धि | | | | |
| लामो आवधि ऋण सापटी/ भुक्तानी | ४,००,००,०० | ६,०८,३०,९८ | ३३,२०,२६,६६ | (६३,१८,७८) |
| छोटो अवधि ऋण सापटी/भुक्तानी | | (२,२०,००,००) | १,३०,००,०० | ९०,००,०० |
| गैर चालु दायित्वमा कमि/बृद्धि | १४,२९,१३ | ३,६८,५० | (१,०२,३१,४८) | |
| परियोजना पूंजिकृत व्याज | ५,४४,७१,३९ | ५,४९,९२,५९ | (३०,१७,३९,१५) | |
| **वित्तीय गतिविधिहरूबाट खूद नगद प्रवाह** | **९,५९,००,५२** | **९,४१,९२,०७** | **३,३०,५६,०३** | **२६,८१,२२** |
| **कूल नगदमा कमि/बृद्धि** | **(६१,८५,४०)** | **१६,१८,५७** | **(३७,५८,८५)** | (८,०१,१३) |
| शरूको नगद तथा बैंक मौज्दात | १,०४,१८,९८ | ४२,३३,५७ | ५८,५२,१४ | २०,९३,३० |
| नगद तथा बैंक मौज्दातमा विदेशी विनिमयमा हुने फरक | | | | |
| **अन्तिम नगद तथा बैंक मौज्दात** | **४२,३३,५७** | **५८,५२,१४** | **२०,९३,३०** | **१२,९२,१७** |

## स्वँ पूँजीमा भएको परिवर्तनको विवरण

**(रु.हजारमा)**

| विवरण | शेयर पूँजि | संचित कोष | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म जम्मा |
|---|---|---|---|---|---|
| | | शेयर प्रिमियम | साधारण जगेडा कोष | संचित नाफा नोक्सान | |
| **०१।०४।२०७६ शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(६३,८५,१५)** | **९,९५,१४,८५** |
| यस वर्षको नाफा | | | | (१५,४०,६४) | (१५,४०,६४) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | १९८६ | १९८६ |
| **०१।०४।२०७७ शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(७९,०५,९४)** | **९,७९,९४,०६** |
| यस वर्षको नाफा | | | | (५,३४,०३) | (५,३४,०३) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | (९०) | (९०) |
| **०१।०४।२०७८ शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(८४,४०,८६)** | **९,७४,५९,१३** |
| यस वर्षको नाफा | | | | (२,३१,४९,४६) | (२,३१,४९,४६) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | (७७) | (७७) |
| **०१।०४।२०७९ शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(३,१५,९१,१०)** | **७,४३,०८,९०** |
| यस वर्षको नाफा | | | | (३,७५,८९,१४) | (३,७५,८९,१४) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | | |
| **३२।०३।२०८० को अन्तिम मौज्दात** | **१०,५९,००,००** | | | **(६,९१,८०,२४)** | **३,६७,१९,७६** |

**अन्य विस्तृत आम्दानी :** लेखापरीक्षण सम्पन्न भइसकेका गत आ.व. हरुका वित्तीय प्रतिवेदनहरुमा अन्य विस्तृत आम्दानी सम्बन्धमा कुनै कारोवार रकम नभएको ।

## कम्पनीको ३ वर्षको प्रक्षेपित वासलात

**(रु.हजारमा)**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| **स्थिर सम्पत्ति** | | | |
| मेशिन तथा उपकरण एवं अन्य सम्पत्ति | ७९,७०,९२,६२ | ७६,१८,३७,२६ | ७२,६६,०२,७० |
| पूँजीगत कार्य प्रगति (रोल्वालिङ्ग डाइभर्सन) | १,८९,८४,९७ | ३,५७,७०,३५ | ५,९५,५५,७२ |
| स्थगन कर सम्पत्ति | - | - | - |
| **जम्मा** | **८१,६०,७७,५९** | **७९,७६,०७,६०** | **७८,६१,५८,४२** |
| **चालु सम्पत्ति** | | | |

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| जिन्सी मौज्दात | १,३१,५२ | १,३४,१५ | १,३६,८३ |
| नगद तथा नगद मौज्दात | २९,२०,२७ | ४१,४०,४२ | २५,५७,३४ |
| अन्य चालु सम्पत्ति | २,०५,७७,४८ | २,१४,८७,०९ | २,०५,७१,८५ |
| कूल चालु सम्पत्ति | २,३६,२९,२७ | २,५७,६१,६५ | २,३२,६०,०२ |
| **कूल सम्पत्ति** | **८३,९७,०६,८६** | **८२,३३,६९,२५** | **८०,९४,१८,४४** |
| | | | |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | २१,१८,००,०० | २१,१८,००,०० | २१,१८,००,०० |
| जगेडा तथा संचित कोषहरु | (८,५९,९३,९९) | (९,०८,८६,१८) | (९,२४,४१,७६) |
| कूल पूँजी | १२,६३,०६,०१ | १२,०९,१३,८२ | ११,९३,५८,२४ |
| गैर चालु दायित्व | | | |
| दीर्घकालिन ऋण | ७०,३९,६६,७९ | ६९,१३,४६,६९ | ६७,२४,१६,५२ |
| सुरक्षित | ४८,८०,३८,७४ | ४७,७६,०६,५१ | ४६,१९,५८,१५ |
| असुरक्षित | २१,५९,२८,०५ | २१,३७,४०,१८ | २१,०४,५८,३७ |
| लाभाँश व्यवस्था | - | - | - |
| अन्य गैर चालु दायित्व | | | |
| **कूल गैर चालु दायित्व** | **७०,३९,६६,७९** | **६९,१३,४६,६९** | **६७,२४,१६,५२** |
| **चालु दायित्व** | | | |
| अल्पकालिन कर्जा | | | |
| व्यापारिक तथा अन्य दायित्व | ८८,७९,०२ | १,०५,२८,९८ | १,७०,७५,४३ |
| व्यवस्थाहरु | ५,५५,०३ | ५,७९,७७ | ५,६८,२४ |
| **कूल चालु दायित्व** | **९४,३४,०५** | **१,११,०८,७४** | **१,७६,४३,६७** |
| **कुल पूँजी तथा दायित्व** | **८३,९७,०६,८६** | **८२,३३,६९,२५** | **८०,९४,१८,४४** |

## कम्पनीको ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

(रु. हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| विक्री | ९,३२,४९,४१ | ९,६०,४६,८९ | ९,८९,२८,३० |
| रोयल्टी खर्च | (२३,२०,९९) | (२३,७६,९४) | (२४,३४,५७) |
| | **९,०९,२८,४२** | **९,३६,६९,९५** | **९,६४,९३,७३** |
| ह्रासकट्टी खर्च | (३,५८,३७,३६) | (३,५८,२१,८३) | (३,५८,०७,६६) |
| अन्य आम्दानी | ४,०१ | ३,८२ | ४,३७ |
| विदेशी विनिमय दरबाट (नोक्सान)/नाफा | (६५,००) | (७१,५०) | (७८,६५) |
| प्रशासनिक तथा व्यवस्थापकिय खर्च | (८२,२८,५६) | (४८,३३,६३) | (५०,१४,३१) |
| | | | |
| **संचालन नाफा/ नोक्सान** | **४,६८,०१,५१** | **५,२९,४६,८२** | **५,५५,९७,४९** |
| ब्याज आय | ५,५९,५० | ५,७६,२८ | ५,९३,५७ |
| ब्याज खर्च | (६,३६,७४,७५) | (५,८९,१५,३०) | (५,७७,४६,६४) |
| **कुल संचालन आय** | **(१,६३,१३,७४)** | **(५३,९२,१९)** | **(१५,५५,५८)** |
| यस वर्षको आयकर | | | |
| कर पछिको नाफा | (१,६३,१३,७४) | (५३,९२,१९) | (१५,५५,५८) |
| यस वर्षको समायोजित नाफा/(नोक्सान) | **(१,६३,१३,७४)** | **(५३,९२,१९)** | **(१५,५५,५८)** |

## कम्पनीको ३ वर्षको प्रक्षेपित नगद प्रवाह विवरण

(रु. हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| **संचालन गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| **यस वर्षको मुनाफा** | **(१,६३,१३,७४)** | **(५३,९२,१९)** | **(१५,५५,५८)** |
| **समयोजन** | | | |
| सम्पत्ति र उपकरणमा मुल्य ह्रास | ३,५८,३७,३६ | ३,५८,२१,८३ | ३,५८,०७,६६ |
| अर्मुत सम्पत्तिको परिशोधन | | | |
| वित्तीय लागत | | | |
| **कार्यशील पूंजी समायोजन** | १,९५,२३,६२ | ३,०४,२९,६३ | ३,४२,५२,०८ |
| व्यापार प्राप्यमा कमी बृद्धि | | | |
| अन्य वित्तीय सम्पत्तिमा कमि/बृद्धि | | | |
| | | | |
| अन्य सम्पत्तिमा कमि/बृद्धि | १,३१,०२,५८ | (९,०९,६१) | ९,१५,२४ |
| मौजुडा सूचिहरूमा कमि/बृद्धि | (२,५८) | (२,६३) | (२,६८) |
| व्यापार भुक्तानीमा कमि/बृद्धि | | | |
| प्रावधानहरूमा कमि/बृद्धि | ४०,१७ | २४,७४ | (११,५२) |
| अन्य चालु दायित्वहरूमा कमि/बृद्धि | (३,७६,७२,६३) | १६,४९,९६ | ६५,४६,४५ |
| **संचालन गतिविधिहरूबाट खुद नगद प्रवाह** | **(५०,०८,८४)** | **३,११,९२,०९** | **४,१६,९९,५६** |
| कर तिरेको/फिर्ता | | | |
| **असाधारण बस्तुहरू अघि नगद प्रवाह** | **(५०,०८,८४)** | **३,११,९२,०९** | **४,१६,९९,५६** |
| गत वर्षको मिलान | | | |
| **संचालन गतिविधिहरूबाट कुल नगद प्रवाह** | **(५०,०८,८४)** | **३,११,९२,०९** | **४,१६,९९,५६** |
| **लगानी गतिविधिहरूबाट नगद प्रभाह** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण खरीद | | | |
| परियोजना कार्यमा कमि/बृद्धि | (९४,३०,५८) | (१,६७,८५,३८) | (२,३७,८५,३८) |
| सहायक कम्पनीहरूमा लगानी | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण प्राप्ती | (२२,६०,४१) | (५,६६,४६) | (५,७३,१०) |
| **लगानी गतिविधिहरूबाट खुद नगद प्रभाह** | **(१,१६,९०,९९)** | **(१,७३,५१,८३)** | **(२,४३,५८,४८)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| शेयर पूंजीमा बृद्धि | १०,५९,००,०० | | |
| लामो आवधि ऋण सापटी/ भुक्तानी | (२,७५,७२,०७) | (१,२६,२०,११) | (१,८९,३०,१६) |
| छोटो अवधि ऋण सापटी/भुक्तानी | (६,००,००,००) | | |
| व्याज भुक्तानी | | | |
| लाभाशं भुक्तानी | | | |
| गैर चालु दायित्वमा कमि/बृद्धि | | | |
| परियोजना पूंजिकृत व्याज | | | |
| **वित्तीय गतिविधिहरूबाट खुद नगद प्रवाह** | **१,८३,२७,९३** | (१,२६,२०,११) | (१,८९,३०,१६) |
| **नगद तथा बैंक मोज्दातमा बृद्धी/कमि** | | | |
| **कुल नगदमा कमी/ बृद्धी** | **१६,२८,१०** | **१२,२०,१५** | **(१५,८९,०८)** |
| शरूको नगद तथा बैंक मौज्दात | **१२,९२,१७** | **७२,४०,२७** | **९१,७७,८४** |
| **अन्तिम नगद तथा बैंक मौज्दात** | **२९,२०,२७** | **४१,४०,४२** | **२५,५१,३४** |

## कम्पनीको ३ वर्षको प्रक्षेपित स्वँ पूँजीमा भएको परिवर्तनको विवरण

**(रु.हजारमा)**

| विवरण | शेयर पूँजि | संचित कोष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | शेयर प्रिमियम | साधारण जगेडा कोष | संचित नाफा नोक्सान | |
| **०१।०४।२०७९ को अन्तिम मौज्दात** | **१०,५९,००,००** | | | **(३,१५,९१,१०)** | **७,४३,०८,९०** |
| यस वर्षको नाफा | | | | (३,७५,८९,१४) | (३,७५,८९,१४) |

| | | | | | |
|---|---|---|---|---|---|
| शेयर बृद्दि | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | | |
| **०१।०४।२०८० शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(६,९१,८०,२४)** | **३,६७,१९,७६** |
| यस वर्षको नाफा | | | | (१,६३,१३,७४) | (१,६३,१३,७४) |
| शेयर बृद्दि | **१०,५९,००,००** | | | | **१०,५९,००,००** |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | | |
| **०१।०४।२०८१ को शुरू मौज्दात** | **२१,१८,००,००** | | | **(८,५४,९३,९९)** | **१२,६३,०६,०१** |
| यस वर्षको नाफा | | | | (५३,९२,१९) | (५३,९२,१९) |
| शेयर बृद्दि | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | | |
| **३२।०३।२०८२ को अन्तिम मौज्दात** | **२१,१८,००,००** | | | **(९,०८,८६,१८)** | **१२,०९,१३,८२** |
| यस वर्षको नाफा | | | | (१५,५५,५८) | (१५,५५,५८) |
| शेयर बृद्दि | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | | |
| **३२।०३।२०८३ को अन्तिम मौज्दात** | **२१,१८,००,००** | | | **(९,२४,४१,७६)** | **११,९३,५८,२४** |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशन कम्पनी आफैले तयार गरेको हो । प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा आर के एसोसियट्स, नयाँ बानेश्वर, काठमाण्डौका चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित गर्नु भएको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वित्तीय विवरण :**

संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, नगद प्रवाह विवरण :

**लेखापरिक्षण भएको पछिल्लो आ.व. को वासलात**
**आषाढ ३२, २०७९**

**(रु.हजारमा)**

| विवरण | २०७८/०७९ |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| मेशिन तथा उपकरण एवं अन्य सम्पत्ति | ८६,०६,१६,१९ |
| पूँजीगत कार्य प्रगति | ५१,८४,५२ |
| स्थगन कर सम्पत्ति | |
| **जम्मा** | **८६,५८,००,७१** |
| **चालु सम्पत्ति** | |
| जिन्सी मौज्दात | १,६२,१६ |
| नगद तथा नगद मौज्दात | २०,९३,३० |
| अन्य चालु सम्पत्ति | ३,०२,७४,९० |
| **कूल चालु सम्पत्ति** | **३,२५,३०,३५** |
| **जम्मा सम्पत्ति** | ८९,८३,३१,०७ |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १०,५९,००,०० |
| जगेडा तथा संचित कोषहरु | (३,१५,९१,१०) |
| **खुंद पूँजी** | **७,४३,०८,९०** |
| | |
| **गैर चालु दायित्व** | |

| | |
|---|---|
| दीर्घकालिन ऋण | ७३,७८,५७,६४ |
| लाभाँश व्यवस्था | - |
| दीर्घकालिन लगानीमा व्याज | - |
| अन्य गैर चालु दायित्व | - |
| **कूल गैर चालु दायित्व** | **७३,७८,५७,६४** |
| **चालु दायित्व** | |
| अल्पकालिन कर्जा | ५,१०,००,०० |
| व्यापारिक तथा अन्य दायित्व | ३,४५,२४,४३ |
| व्यवस्थाहरु | ६,४०,१० |
| **कूल चालु दायित्व** | **८,६१,६४,५३** |
| **कुल पूँजी तथा दायित्व** | **८९,८३,३१,०७** |

## वास्तविक नाफा नोक्सान हिसाव

**(रु.हजारमा)**

| **विवरण** | **२०७८/०७९** |
|---|---|
| विक्री | ७,११,६७,८४ |
| रोयल्टी खर्च | (१८,७९,३५) |
| | **६,९२,८८,४९** |
| ह्रासकट्टी खर्च | (२,९९३,९१९) |
| अन्य आम्दानी | २०,३५ |
| विदेशी विनिमय दरबाट (नोक्सान)/नाफा | (४,५९,८०) |
| प्रशासनिक तथा व्यवस्थापकिय खर्च | (४४,०२,७७) |
| **संचालन नाफा / नोक्सान** | **३,४५,०७,०८** |
| अन्य आय | ४९,११ |
| ब्याज खर्च | (५,७७,०५,६५) |
| **कुल संचालन आय** | (२,३१,४९,४६) |
| वित्तीय लागत | |
| अन्य लगानीबाट आम्दानी | |
| सम्पत्ति बिक्रीबाट नाफा/घाटा | |
| **कर अघिको नाफा** | (२,३१,४९,४६) |
| यस वर्षको आयकर | |
| **कर पछिको नाफा** | (२,३१,४९,४६) |
| **यस वर्षको समायोजित नाफा/(नोक्सान)** | (२,३१,४९,४६) |

## वास्तविक नगद प्रबाह विवरण

**(रु.हजारमा)**

| **विवरण** | **२०७८/०७९** |
|---|---|
| **संचालन गतिविधिहरूबाट नगद प्रवाह** | |
| **यस वर्षको मुनाफा** | (२,३१,४९,४६) |
| **समयोजन** | |
| ह्रास | २,९९,३९,१९ |
| स्थगित खर्च | |

| | |
|---|---|
| घटाउने : आयकर तिरेको | |
| अचल सम्पत्तिको बिक्रीबाट लाभ | |
| अन्य गैर नगद खर्च | |
| घटाउने : | |
| अचल सम्पत्तिको बिक्रीबाट घाटा | |
| **कार्यशील पूंजी समायोजन** | (६,७८,९७२) |
| अन्य सम्पत्तिमा कमि/बृद्धि | (१,६६,४८,७४ |
| मौजुडा सूचिहरूमा कमि/बृद्धि | (६२,०१) |
| व्यापार भुक्तानीमा कमि/बृद्धि | |
| प्रावधानहरूमा कमि/बृद्धि | २,८७,६७ |
| अन्य चालु दायित्वहरूमा कमि/बृद्धि | ८३,८१,६४ |
| व्यापार प्राप्यमा कमी बृद्धि | |
| **संचालन गतिविधिहरूबाट खुद नगद प्रवाह** | (१२,५१,७२) |
| **कर तिरेको/फिर्ता** | |
| **असाधारण वस्तुहरू अघि नगद प्रवाह** | (१२,५१,७२) |
| गत वर्षको मिलान | ५४,७४,९७ |
| **संचालन गतिविधिहरूबाट कुल नगद प्रवाह** | **४२,२३,२६** |
| | |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | |
| परियोजना कार्यमा कमि/बृद्धि | ८५,४९,३४,०९ |
| सम्पत्ति, मेशिनरी तथा उपकरण प्राप्ती | (८९,५९,७२,२२) |
| सहायक कम्पनीहरूमा लगानी | |
| **लगानी गतिविधिहरूबाट खुद नगद प्रभाह** | **(४,१०,३८,१३)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | |
| शेयर पूंजीमा बृद्धि | |
| लामो आवधि ऋण सापटी/ भुक्तानी | ३३,२०,२६,६६ |
| छोटो अवधि ऋण सापटी/भुक्तानी | १,३०,००,०० |
| गैर चालु दायित्वमा कमि/बृद्धि | (१,०२,३१,४८) |
| परियोजना पूंजिकृत व्याज | (३०,१७,३९,१५) |
| **वित्तीय गतिविधिहरूबाट खूद नगद प्रवाह** | **३,३०,५६,०३** |
| **कूल नगदमा कमि/बृद्धि** | **(३७,५८,८५)** |
| शरूको नगद तथा बैंक मौज्दात | ५८,५२,१४ |
| नगद तथा बैंक मौज्दातमा विदेशी विनिमयमा हुने फरक | |
| **अन्तिम नगद तथा बैंक मौज्दात** | **२०,९३,३०** |

## लेखापरिक्षण भएको पछिल्लो आ.व. को स्वँ पूँजीमा भएको परिवर्तनको विवरण

**(रु.हजारमा)**

| विवरण | शेयर पूँजि | संचित कोष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | शेयर प्रिमियम | साधारण जगेडा कोष | संचित नाफा नोक्सान | |
| **०१।०४।२०७७ शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(७९,०५,९४)** | **९,७९,९४,०६** |
| यस वर्षको नाफा | | | | (५,३४,०३) | (५,३४,०३) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | (९०) | (९०) |
| **०१।०४।२०७८ को शुरू मौज्दात** | **१०,५९,००,००** | | | **(८४,४०,८६)** | **९,७४,५९,१३** |
| यस वर्षको नाफा | | | | (२,३१,४९,४६) | (२,३१,४९,४६) |
| | | | | | |
| शेयर निष्काशन खर्च | | | | | |
| अघिल्लो वर्षको समायोजन | | | | (७७) | (७७) |
| **३२।०३।२०७९ को अन्तिम मौज्दात** | **१०,५९,००,००** | | | **(३,१५,९१,१०)** | **७,४३,०८,९०** |

## लेखापरीक्षकको प्रतिवेदन जारी भएको Qualified Opinion

NFRS अनुसार पुर्वाधार विकाश कम्पनीहरुले लागु गर्नु पर्ने IFRIC 12 “Service Concession Arrangements” लागु नगरिएको भनि लेखापरीक्षकले Qualified Opinion जारी गरेको छ .
कम्पनीले ने.वि.प्रा लाइ विद्युत विक्री गर्दा ने.वि.प्रा. ले सर्वसाधारणलाई विक्री गर्ने मुल्यमा आधारित नभइ भिन्न दरमा ने.वि.प्रा लाई विद्युत विक्रि गरिरहेको । कम्पनीले प्रत्येक्ष रुपमा सर्वसाधारणलाई विद्युत विक्री नगरी ने.वि.प्रा. लाई विद्युत विक्री गर्ने गरेको । कम्पनीले प्राकृतिक स्रोत उपयोग गरे वापत विशेष छुट प्राप्त नगरेको र विद्युत विक्रीमा रोयाल्टी भुक्तानी गर्ने गरेको । विद्युत उत्पादन अनुमतिपत्रको इजाजत अवधी समाप्त भए पश्चात आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने भएता पनि, हाल आयोजनाको स्वामित्व कम्पनीमा रहेको र ऋण प्रयोजनको लागि आयोजनाको सम्पत्ति धितो राखिएको जस्ता कारणले गर्दा कम्पनीलाइ IFRIC 12 लागु नहुने देखिएको व्यहोरा लेखा सम्बन्धी टिप्पणीमा खुलाइएको छ ।

यस कम्पनीबाट जिल्ला विकास समिति दोलखालाई बाटो निर्माण गर्न उपलब्ध गराएको पेश्की वापतको रु.१५ लाख र जिल्ला प्रशासन दोलखालाई प्रशारण लाइन निर्माणको लागि अधिग्रहण गरिएको जग्गाको मुअब्जा वितरण गर्न उपलब्ध गराएको पेश्की वापतको रु. १ करोड २४ लाख हालसम्म फर्छ्यौट हुन बाँकी ⁄हेको भनि Qualified Opinion जारी गरेको छ .
पेश्की वापतको रकम फर्छौटको लागि सम्बन्धित निकायबाट खर्चको विवरण प्राप्त हुन बाँकी रहेको र उक्त विवरणहरु प्राप्त भए पश्चात फर्छौट गरिने ।

### वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका :

| विवरण | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ |
|---|---|---|---|
| १. पुंजि रकममा वृद्धि | | १०० % | - |
| २. ऋणदाता संस्था बाट लिएको कर्जा भुक्तानी अवधी | १५ वर्ष | १५ वर्ष | १५ वर्ष |
| ३ कर्जामा व्याजदर (प्रतिशतमा) | ६ देखि ११ % | ६ देखि ११ % | ६ देखि ११ % |
| ४. विद्युत केन्द्र सम्पत्तीको ह्रासकट्टी अवधी | २४ वर्ष | २४ वर्ष | २४ वर्ष |
| ५. PPA दरमा वृद्धि दर प्रतशित | ३ % | ३ % | ३ % |
| ६. रोयाल्टी भत्तानी दर | | | |
| क क्षमताको आधारमा | रू. १०० प्रति किलोवाट | रू. १०० प्रति किलोवाट | रू. १०० प्रति किलोवाट |
| ख विकीको आधारमा | विकीको २ % | विकीको २ % | विकीको २ % |
| ७. आम्दानीमा कर | १० वर्ष सम्म पूर्ण कर छुट | १० वर्ष सम्म पूर्ण कर छुट | १० वर्ष सम्म पूर्ण करछुट |
| ८. प्रशासनिक खर्चमा वृद्धिदर (प्रतिशतमा) | ५% देखि १५ % | ५% देखि १५ % | ५% देखि १५ % |

### नेटवर्थ सम्बन्धी विवरण :

*(रु. हजारमा)*

| | वास्तविक | | | लेखापरीक्षण हुन बाँकी २०७९/८० असार मसान्तसम्म |
|---|---|---|---|---|
| **विवरण** | **०७६/७७** | **०७७/७८** | **०७८/७९** | |
| चुक्ता पुंजी | १,०,५९,००,०० | १०,५९,००,०० | १०,५९,००,०० | १०,५९,००,०० |
| जगेडा तथा कोषहरु | (७९,०५,९४) | (८४,४०,८६) | (३,१५,९१,१०) | (६९,१८,०२४) |
| **जम्मा नेटवर्थ** | **९,७९,९४,०६** | **९,७४,५९,१४** | **७,४३,०८,९०** | **३,६७,१९,७६** |
| खुद मुनाफा रु. | (१५,४०,६४) | (५,३४,०३) | (२,३१,४९,४६) | (३,७५,८९,१४) |
| शेयर संख्या (हजारमा) | १०,५९,०० | १०,५९,०० | १०,५९,०० | १०,५९,०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२।५३ | ९२।०३ | ७०।१७ | ३४,६७ |
| प्रति शेयर आम्दानी (रु.) | (१।४५) | (०।५०) | (२१।८६) | (३५,४९) |

*(रु. हजारमा)*

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| चुक्ता पुंजी | २१,१८,००,०० | २१,१८,००,०० | २१,१८,००,०० |
| जगेडा तथा कोषहरु | (८,५४,९३,९९) | (९,०८,८६,१८) | (९,२४,४१,७६) |
| **जम्मा नेटवर्थ** | **१२,६३,०६,०१** | **१२,०९,१३,८२** | **११,९३,५८,२४** |

| | | | |
|---|---|---|---|
| खुद मुनाफा रु. | **(१,६३,१३,७४)** | **(५३,९२,१९)** | **(१५,५५,५८)** |
| शेयर संख्या (हजारमा) | १०,५९,०० | २१,१८,०० | २१,१८,०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ५९।६३ | ५७।०९ | ५६।३५ |
| प्रति शेयर आम्दानी (रु.) | (७।७०) | (२।५५) | (०।७३) |

२. विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :- (११.०९%)

**प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

१. आयोजनाको विगत ३ वर्षको वित्तिय विवरणको आधारमा आगामी ३ वर्षको वित्तीय विवरण प्रक्षेपण गरिएको छ।
२. माथिल्लो तामाकोशी जलविद्युत आयोजना २०७८/०७९ मा सम्पन्न भई संचालनमा रहेको छ। आयोजनाको विद्युत व्यापारिक उत्पादन मिति २०७८ भाद्र ४ मा शुरु भइ भाद्र २५ बाट सम्पूर्ण ६ वटै यूनिहरुबाट उत्पादन शुरु भएको र उक्त अवधीसम्मको निर्माण अवधीको व्याज तथा अन्य निर्माण सम्बन्धी प्रत्यक्ष खर्चहरु पूँजीकरण गरिए पश्चात आयोजनाको जम्मा लागत ८९.०५ अर्ब भएको।
३. निर्माण अवधीको पुजिकृत व्याज सहित आयोजनाको दीर्घकालिन ऋण रकम रु. ७४.०४ अर्व रहेको, अल्पकालिन ऋण रु. ६ अर्ब रहेको र चुक्ता पूँजी १०.५९ अर्व रहेको आधारमा वित्तीय विवरणको प्रक्षेपण गरिएको छ।
४. नेपाल विद्युत प्राधिकरण मार्फत प्राप्त नेपाल सरकारको दीर्घकालिन ऋण १५ वर्षमा ३० वटा अर्ध वार्षिक किस्तामा भुक्तानी गरिने र अन्य संस्थागत ऋण प्रदायक संस्थाबाट प्राप्त दीर्घकालिन ऋण १५ वर्षमा ६० वटा त्रैमासिक किस्तामा भुक्तानी गरिने। ऋणको किस्ता भुक्तानी आ.व. २०७८।७९ को तेस्रो त्रैमासिकबाट शुरु भइ हालसम्म नेपाल विद्युत प्राधिकरण मार्फत प्राप्त नेपाल सरकारको दीर्घकालिन ऋणको २ वटा र अन्य संस्थागत ऋण प्रदायक संस्थाबाट प्राप्त दीर्घकालिन ऋणको ५ वटा किस्ता भुक्तानी गरिएको।
५. जलविद्युत केन्द्रको सम्पूर्ण सम्पत्तीमा समदर विधि अनुसार आयोजना अवधीभरमा पुर्ण रुपले ह्रासकट्टि गरिने।
६. आयोजनाको डेब्ट इक्वीटि अनुपात १२ र ८८ रहेको।
७. ने.वि.प्रा र कम्पनी विच भएको विद्युत खरिद विकि सम्झौतामा भएको विद्युत विक्री दर अनुसार उत्पादित विद्युत विक्रिको आय गणना गरिएको। मिति २०७८ भाद्र २५ बाट पूर्ण रुपमा विद्युतको व्यापारिक उत्पादन शुरु भएकोले आ.व. २०७८।७९ को विद्युत विक्री आय पूर्णरुपमा प्राप्त नभएको , त्यस्तै चालु आ.व. को २०७९।८० को कात्तिक महिनामा ११ दिन विद्युत केन्द्र पूर्ण रुपले बन्द गरी मर्मत संभार कार्य गरिएको र नदीमा पानीको स्रोत घट्न गएको कारण चालु आ.व.को विद्युत विक्री आय घट्न गएको ५ । हालसम्मको विद्युत उत्पादनको आधारमा आ.व. २०८०।८१, २०८१।८२ र २०८२।८३ मा कन्ट्राक्ट इनर्जिको जम्मा ९५ प्रतिशत विद्युत विक्री आय प्राप्त हुने प्रक्षेपण गरिएको।
८. विद्युत खरिद विकि सम्झौता अनुसार विद्युतको व्यापारिक उत्पादन भएको वर्ष विद्युत विक्री दर वर्षायामको रु. ३.६३ रहेको र सुख्खा याममा प्रति युनिट रु. ६.९६ रहेको। उक्त विद्युत विक्री दर ९ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले वृद्दि हुँदै जाने भएकोले सोही आधारमा विद्युत विक्री दर निर्धारण गरिएको।
९. साधारण शेयर निष्काशन गरी सम्पूर्ण रुपमा पूँजी संकलन भइसकेको र आ.ब.२०८०/८१ मा हकप्रद निष्काशन भइ निष्काशन वापतको रकम प्राप्त हुने आधारमा वित्तीय विवरण प्रक्षेपण गरिएको।
१०. आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन भएको १० वर्ष सम्म विद्युत विक्री आयमा पूर्णरुपमा आयकर छुट भएको र त्यस पछिको अर्को ५ वर्ष सम्म करको दरमा ५० प्रतिशतको दरले छुट हुने व्यवस्था रहेको।
११. विद्युत ऐन २०४९ अनुसार आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन भएको १५ वर्ष सम्म प्रति जडित किलोवाटको वार्षिक रु. १०० का दरले र विद्युत विक्री आयमा २ प्रतिशतका दरले रोयाल्टी भुक्तानी गरिने र १५ वर्ष पछि प्रति जडित किलोवाटको वार्षिक रु. १,००० का दरले र विद्युत विक्री आयमा १० प्रतिशतका दरले रोयाल्टी भुक्तानी गरिने।
१२. विद्युत नियमावली २०५० को दफा ८६ (२) मा भएको व्यवस्था बमोजिम कर्मचारीहरुलाई आर्थिक वर्षमा गरेको खुद मुनाफाको २ प्रतिशतका दरले बोनस दिने व्यवस्था गरिने।
१३. अयोजना सञ्चालन अवधी मिति २१०३।०८।१६ सम्म रहेको।
१४. सञ्चालन सम्भार खर्च वार्षिक ५% देखि १५ % सम्म वृद्दि हुने अनुमान गरिएको र दीर्घकालिन ऋणको व्याजदर ५% देखि १० % सम्म रहने अनुमान गरिएको।

माथि उल्लेख गरिए बमोजिम कम्पनीबाट तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टड एकाउन्टेन्ट संस्था आर. के. एसोसियट्स् हुनुहुन्छ।

**(त)१ आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा बासलातको मिति पछिको घटना बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :** सो नभएको ।

**(त)२ धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिर्वतन बाहेक लगानीकर्ताको निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिर्वतन बाहेक लगानीकर्ताको निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नेछौ ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- आयोजना निर्माणको लागि भूकम्प लगायत प्राकृतिक वा विभिन्न कारणले पूर्वानुमान गरिएको लागत नपुग हुन सक्ने भए तापनि माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भईसकेको विद्यमान अवस्था भएकोले विद्युत बिक्रीबाट प्राप्त हुने रकमबाट दीर्घकालिन ऋणको साँवा व्याज किस्ता तिरेर बचत भएको रकमबाट र सो रकमबाट पनि नपुग जति रकम नेपाल सरकार लगायत कम्पनीमा ऋण लगानी गर्ने संस्थाहरूबाट थप ऋण लगानी हुने कुरामा कम्पनी विश्वस्त रहेको ।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलविद्युत उत्पादनको लागि कच्चा पदार्थको रुपमा तामाकोशी नदी र रोल्वालिङ खोलाको पानी भएकोले जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- जलविद्युत आयोजनाको अध्ययन गर्दा विगत ५० बर्षको डाटा समेत अध्ययन तथा विश्लेषण गरिएको हुनाले सामान्य अबस्थामा यस्तो जोखिम नरहने ।

ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- नेपालमा जलविद्युत उत्पादन कम र माग बढि भइरहेको बर्तमान अबस्थामा आन्तरीक बजार नै प्रर्याप्त भएको तथा भारतसंग अन्तरदेशिय प्रशारणलाईन मार्फत निर्यात समेत भइरहेकोले बजारको जोखिम नरहेको ।
- विद्युतको आन्तरिक माग भन्दा उत्पादन कम भई कम आपूर्ति भइरहेको ।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun)को जोखिम :
- हाल प्रस्तावित रोल्वालिङ खोला आयोजना सम्पन्न हुन बाँकी भएको हुँदा मूल्य अभिबृद्धिको जोखिम रहेको ।

ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय दरमा परिवर्तन भएमा आयोजना निर्माण खर्चमा बृद्धि हुन सक्ने ।

च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :
- माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको उत्पादन तथा प्रशारण इजाजतहरु प्राप्त गरी निर्माण सम्पन्न भइसकेको छ। साथै प्रस्तावित रोल्वालिङ खोला जलविद्युत आयोजनाको प्रशारण तथा उत्पादन अनुमतिपत्र समेत प्राप्त भइसकेको छ। तथापी कम्पनीद्वारा भविष्यमा निर्माण गर्ने अन्य आयोजनाहरुको अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निमार्ण कार्यमा ढिलाई हुन सक्ने ।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु

झ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :

– जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणहरुमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा।

ट) अन्य :

(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।

(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

(३) प्राकृतिक प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्न सक्ने।

(४) बीमा सम्बन्धी जोखिमः माथिल्लो तामाकोशी जलविद्युत आयोजना कार्यान्वयनमा संलग्न सवै लट्का निर्माण व्यवसायीहरु र परामर्शदाता कम्पनीसंग भएको खरिद सम्झौता बमोजिमको रकम भन्दा कम नहुने गरी निर्माण अवधीभरको लागि बीमा गरिएको थियो।
माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न भई ठेकेदारबाट कम्पनीलाई आयोजना हस्तान्तरण भईसकेकोले कम्पनीद्वारा आयोजनाको सम्पूर्ण भौतिक संरचनाहरुको बीमा गर्नु आवश्यक भएकोले आयोजनाको सम्पूर्ण संरचनाहरूको बीमा राष्ट्रिय बीमा कम्पनी लि.मा गरिएको छ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदितै हुंदा हुंदै पनि नेपालमा उर्जा शक्तिको अत्यधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुननसकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुंदा दीर्घकालसम्म जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवस्थापनको धारणा रहेको छ। उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुंदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ।

भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपबाट हुन सक्ने नोक्सानीलाई न्यूनिकरण गर्न हाल आयोजना निर्माणाधीन अवस्थामा सम्बन्धित संरचनाहरूको निर्माणमा संलग्न ठेकेदारहरू मार्फत बीमा गर्ने गरिएको र आयोजना निर्माण कार्य सम्पन्न भएपछि कम्पनीद्वारा बीमा गरिने प्रावधान रहेको छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः**

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

**(द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

निष्काशन गरिएको हकप्रद साधारण शेयर बिक्री बन्द भएको मितिले पन्ध्र कार्य दिनभित्र जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बांडफांट गरी हकप्रद शेयर हितग्राही खाता उल्लेख गर्ने शेयरधनीहरुको हकमा खातामा जम्मा गरिनेछ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्टर्ड कार्यालय (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, विष्णुधन निवास, अन्नपूर्ण मार्ग, ज्ञानेश्वरमा, शेयर निष्काशन र बिक्री प्रबन्धक नागरिक लगानी कोष तथा सह निष्काशन र बिक्री प्रबन्धक सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखि निरीक्षण गर्न सकिनेछ।

**(न) हकप्रद शेयर प्रत्याभूति गरेको/नगरेको :** नगरेको। धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा व्यवस्था भए बमोजिम निष्काशन गरिएको सम्पूर्ण हकप्रद शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित सँगठित संस्थाले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ बमोजिम लिलाम बढाबढ मार्फत बिक्री गरिने छ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यबस्था अनुसार हकप्रद शेयर शेयरधनीहरुको डिम्याट खातामा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यबस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

१. माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको प्रवेश मार्ग निर्माण (Package 1) का ठेकेदार P.R. Prakash J/V को ढिलाईका कारण आयोजना निर्माण कार्यमा प्रभाव परेको हुँदा ठेक्का तोडिएको विषयमा क्षतिपूर्तिको लागि उक्त ठेकेदारले दर्ता गरेको मुद्दा र कम्पनीले आयोजनाको काममा भएको हानी नोक्सानी निजबाट भराई पाउन सम्मानित श्री सर्वोच्च अदालतमा दर्ता गरेको मुद्दा विचाराधीन रहेको छ ।

२. माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लट नं.२ हाइड्रोमेकानिकल कार्यका ठेकेदार Texmaco Rail & Engineering Limited, India ले निर्माणकार्यमा ढिलाई गरेको कारण आयोजनाको समग्र कार्य प्रगतिमा प्रभाव पर्न गएको हुँदा निजसंग भएको खरिद सम्झौता तोडी आयोजनालाई पुग्न गएको हानी नोक्सानी निजबाट असूल उपर गर्न कम्पनीबाट माग दावी भएको विरुद्धमा निज ठेकेदार मध्यस्थताको लागि International Court of Arbitration of International Chamber of Commerce (ICC) मा दिएको मुद्दा सम्बन्धमा सुनुवाईको क्रममा रहेको छ ।

**(ब) हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**

क) हकप्रद शेयरको लागि दरखास्त दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीले तोकिएको दरखास्त फाराम भरी दरखास्त दिनु पर्नेछ ।

ख) यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फाराम भरि दरखास्त दिन सक्नेछ ।

ग) हकप्रद शेयर खरिद गर्नका लागि तत्काल कायम शेयरधनीहरुले मात्र शेयर खरिद गर्न दरखास्त दिन सकिनेछ ।

घ) दरखास्त फाराममा आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा) पूर्ण रुपले भर्नु पर्नेछ ।

ङ) हकप्रद शेयरका लागि दरखास्त दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्त फारममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी दरखास्त दिनु पर्नेछ ।

च) संयुक्त नाममा रहेका तत्काल कायम शेयरधनीहरुले दरखास्त दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

छ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा बाँडफाँड गरी वितरण गरिनेछ ।

ज) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने तत्काल कायम शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

झ) डिम्याट खाता भएका शेयरधनीले आफ्नो डिम्याट खाता नम्बर (१६ अङ्कको Beneficiary Owner ID नम्बर) र डिम्याट खाता रहेको बैंक/संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । हकप्रद शेयर बाँडफाँड पश्चात बाँडफाँडमा परेको शेयर निवेदक शेयरधनीले उल्लेख गरेको डिम्याट खातामा जम्मा गरिदिईनेछ ।

ञ) नगद लाभाँश वितरण गर्दा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम शेयरधनीको खातामा नै लाभाँश रकम जम्मा गरिदिने प्रयोजनको लागि शेयरधनीले आफ्नो बैंक खाता नम्बर र खाता रहेको बैंक/वित्तीय संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । भविष्यमा कम्पनीले नगद लाभाँश दिदा शेयरधनीले उल्लेख गरेको बैंक/वित्तीय संस्थामा रहेको उल्लेखित खातामा जम्मा गर्ने ब्यबस्था गरिनेछ ।

ट) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**(भ) आफनो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
सो नभएको ।

**(म) संगठित संस्थाको लेखा परिक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा विकि प्रबन्धकको नाम ठेगाना :**

क) कम्पनीको आ.व.२०७८/७९ को अन्तिम लेखापरिक्षकमा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श तथा कम्पनीको मिति २०७९/०५/०३ मा बसेको १४ औं वार्षिक साधारण सभाबाट नियुक्त चार्टर्ड एकाउन्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुंगाना रहनु भएको छ ।

ख) यस कम्पनीको कम्पनी सचिवमा अनामनगर, काठमाण्डौका श्री राम सुन्दर श्रेष्ठ रहनु भएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि प्रमाणित गर्ने बिशेषज्ञमा आर के एसोसियट्स, नँया बानेश्वर, काठमाण्डौ का चार्टर्ड एकाउण्टेण्ट श्री रविन कुमार श्रेष्ठले प्रमाणित गर्नु भएको छ ।

घ) हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि निष्काशन तथा विक्रि प्रबन्धकमा नागरिक लगानी कोष र सह निष्काशन तथा विक्रि प्रबन्धकमा श्री सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्यः**

स्वदेशी पूँजि लगानी जुटाई माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको लागि २०६५ साल चैत्रमा स्वीकृत भएको लागत अनुमान अनुसार ऋण र स्वःपूँजिको अनुपात ७०:३० रहेको र आयोजना निर्माणको कममा २०७२ बैशाखको विनाशकारी भूकम्प, त्यस पछिको तराई आन्दोलन र भारतीय सीमानाकामा भएको अवरोध, विश्व माहामारीको रुपमा फैलिएको कोभिड-१९ र विभिन्न प्राविधिक कारणले आयोजनाको निर्माण अवधी लम्बिन गएकोले निर्माण अवधिको व्याज बढ्न गएको छ । हाल, माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भईसकेको परिप्रेक्ष्यमा यस कम्पनीद्वारा दोश्रो चरणमा निर्माण गर्ने लक्ष्य रहेको २०.६ मेगावाट क्षमताको रोल्वालिङ खोला जलविद्युत आयोजना सहित समग्र रोल्वालिङ डाइभर्सन स्किमका लागि समेत वित्तिय व्यवस्थापन गर्नु आवश्यक भएकोले कम्पनीको समग्र वित्तिय विश्लेषण गरी सिफारिस सहित प्रतिवेदन पेश गर्न सञ्चालक समितिबाट गठीत विशेषज्ञहरूद्वारा मिति २०७८/०९/०९ मा पेश भएको प्रतिवेदनमा सिफारिस भएको आधारमा सञ्चालक समितिको मिति २०७९/०३/३० मा बसेको बैठकको निर्णयानुसार कम्पनीको साविक चुक्ता पूँजिको शतप्रतिशत अर्थात १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गरी पूँजि बृद्धि गर्ने निर्णय सहितको प्रस्तावलाई कम्पनीको मिति २०७९/०५/०३ मा बसेको १४ औं वार्षिक साधारण सभाबाट उक्त प्रस्ताव पारित भएको हुँदा हकप्रद शेयर निष्काशन गरी पूँजि संकलन गर्नु परेको ।
आयोजना निर्माणको शुरु अवस्थामा ऋण र स्वपूँजी अनुपात ७०%:३०% हुने गरी ऋण सम्झौता गरिएकोमा विविध कारणले निर्माण अवधी तथा लागत बढ्न जाँदा ऋणद्वारा मात्र उक्त वृद्धि भएको लागत पुर्ति गरिएकोले हाल ऋण र स्वपूँजी अनुपातमा गहिरो अन्तर हुन गएकोले ऋणप्रतिको बढ्दो निर्भरताको कारण व्याज खर्च बढ्न जानुको साथै भविष्यमा थप ऋण लिन सक्ने अवस्था समेत नरहेकोले ऋण र स्वपूँजी अनुपात सुदृढिकरण र कम्पनीको वित्तीय अवस्था सुधारका उपायहरु अपनाउनु अति आवश्यक भएकोले हकप्रद निष्काशन नै उपयुक्त विकल्प भएको ।

हकप्रद शेयर बिकीबाट प्राप्त रकम निम्न प्रयोजनको लागि उपयोग गरिने छ ।

| | | |
|---|---|---|
| १ | अल्पकालिन ऋण भुक्तानी | रकम रु.) |
| | नेपाल विद्युत प्राधिकरण | २,००,००,००,००० |
| | नविल बैंक लिं | २,००,००,००,००० |
| | हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी लि. | २,००,००,००,००० |
| २ | रिटेन्सन मनी भुक्तानी | १,१४,००,००,००० |
| ३ | रोलवालिङ खोला जलविद्युत आयोजनामा लगानी | ३,४५,००,००,००० |
| | **जम्मा** | **१०,५९,००,००,०००** |

आयोजना निर्माण अवधीमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएको मूल्य बृद्धि, लागत अनुमान तयार गर्दा विदेशी मुद्रा अमेरिकी डलरको सटही दर रु.८०/- का दरले अनुमान गरी हिसाव गरिएकोमा सोको अत्यधिक मूल्य बृद्धि भई रु.१२०/- भन्दा बढी भएको लगायत विभिन्न कारणले आयोजनाको निर्माण सम्पन्न हुँदाका बखत सम्म पूर्व निर्धारित लागत अनुमान नपुग हुन गएकोले नेपाल विद्युत प्राधिकरण, नविल बैंक लिं र हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी लि को जम्मा रु.६ अर्ब अल्पकालिन ऋणको माध्यमबाट समेत नपुग खर्च व्यवस्थापन गरिएको हुँदा सो अल्पकालिन ऋण र सोको व्याज समेत यथाशिघ्र फिर्ता गर्न रकम व्यवस्थापन गर्नु पर्ने भएको ।

आयोजनाको निर्माण कार्य सम्पन्न भए तापनि खरिद सम्झौतामा भएको प्रावधान अनुसार आयोजनाको Taking Over तथा Defect Liability Period पश्चात ठेकेदारलाई भुक्तानी गर्नु पर्ने धरौटीहरु (Retention Money) वापत करिव रु.१ अर्ब १४ करोड फिर्ता गर्न बाँकी रहेकोले उक्त निर्माण अवधीको सुरक्षण धरौटि भुक्तानीको लागि समेत रकम व्यवस्थापन गर्नु पर्ने भएको ।

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लागी लिएको अल्पकालिन ऋण रु.६ अर्ब र ठेकेदारको Retention Money वापत फिर्ता गर्नु पर्ने रु.१ अर्ब १४ करोड ३६ लाख फिर्ता गरे पश्चात बाँकी रहने अनुमानित रु.३ अर्ब ४५ करोड रकमबाट रोल्वालिङ खोला जलविद्युत आयोजनामा लगानी गर्ने उद्देश्य रहेको।

तसर्थ, कम्पनीको ऋण र स्वपूँजीको अनुपातको सुद्धिढिकरण, अल्पकालिन ऋण भुक्तानी, रोल्वालिङ खोला जलविद्युत आयोजना निर्माणको लागि वित्तिय व्यवस्थापन, Retention Money भुक्तानीका लागि वित्त व्यवस्थापन गर्नका साथै कम्पनीको नाफा, नगद प्रवाह, Debt Service Coverage Ratio, Dividend Payout लगायत समग्र वित्तीय सूचकहरुको सुद्धिढिकरण गरी यथाशक्य छिटो शेयर लगानीकर्ताहरुका .लागि यथोचित लाभाशं सुनिश्चितताको लागि समेत हकप्रद शेयर निष्काशनको मुख्य उदेश्य भएको ।

दोस्रो चरणमा निर्माण गरिने रोल्वालिङ्ग खोला आयोजनाबाट वार्षिक सरदर १०५ गिगावाट घण्टा विद्युतिय ऊर्जा तथा डाईभर्सन स्किमबाट वार्षिक सरदर २१२ गिगावाट घण्टा थप विद्युतिय ऊर्जा उत्पादन भइ विद्युत विक्री आय वार्षिक रु.१ अर्व ७८ करोडले वढ्न जाने अनुमान रहेको छ । साथै रु. ६ अर्व अल्पकालिन ऋण भुत्तानी पश्चात व्याज खर्च वापतको सरदर रु. ६० करोड बचत हुने जानेछ । यसले गर्दा कम्पनीको वित्तीय स्थीतिमा सुधार भइ समग्र वित्तीय सूचकहरुमा पनि क्रमशः सुधार हुनेछ ।

<u>कम्पनीको मिति २०७९।०५।०३ मा बसेको १४ औं वार्षिक साधारण सभाबाट १:१ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजि संकलन गर्ने सम्बन्धमा पारित भएको विषेश प्रस्ताव :</u>

माथिल्लो तामाकोशीजलविद्युत आयोजना निर्माणको चरणमा रहेको अवस्थामा विभिन्न काबु बाहिरको परिस्थिति उत्पन्न भई आयोजना निर्माण अवधी लम्बिन गएको, सोही अवधिमा विदेशी मुद्राको सटही दरमा भएको अत्यधिक बृद्धि तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएको मूल्य बृद्धि लगायतको कारणले आयोजनाको पूर्व निर्धारित लागत अनुमान नपुग भएको हुँदा थप ऋण लिनु परेकोले नेपाल सरकार, कर्मचारी सञ्चय कोष, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषसंग भएको दीर्घकालिन ऋण सम्झौता अनुसार प्राप्त ऋण र शेयर पूँजिको अनुपात ७०:३० कायम हुन नसकेको र आयोजना निर्माण अवधीको ब्याज पूँजिकरणको अंश अत्यधिक मात्रामा बढ्न गएको हुँदा कम्पनीको वित्तिय विश्लेषण गरी प्रतिवेदन पेश गर्न गठीत उपसमितिले पेश गरेको प्रतिवेदनमा भएको सिफारिसको आधारमा विद्युत नियमन आयोगबाट सहमति प्राप्त गरी सञ्चालक समितिको मिति २०७९/०३/३० मा बसेको २५७ औं बैठकको निर्णयानुसार अधिकृत पूँजि रु.३० अर्ब, जारी पूँजि रु.२१ अर्ब १८ करोड र हालको चुक्ता पूँजिको अनुपातमा शत प्रतिशत पूँजि बृद्धिको लागि साधारण शेयर प्रति कित्ता अंकित मूल्य रु.१००/- का दरले १:१ को अनुपातमा हकप्रद शेयर जारी पश्चात चुक्ता पूँजि रु २१ अर्ब १८ करोड कायम हुने गरी प्रबन्धपत्रको दफा ५ को खण्ड (क) (ख) र (ग) मा संशोधनको लागि प्रस्तावित संशोधनको तीनमहले सहित प्रस्ताव पेश गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा २१ दिन हुनेछ । २१ दिनभित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि निष्काशन खुल्ला गरिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त वा हेर्न सकिने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री माथिल्लो तामाकोशी जलविद्युत केन्द्र वडा नं.१, गोंगर । |
| २ | श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं |
| ३ | श्री सन्‍राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं । |
| ४ | श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सन्‍राईज क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सन्‍राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

हकप्रद शेयर खरिदका लागि भर्नुपर्ने दरखास्त फाराम तथा शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशन कम्पनी अपर तामाकोशी हाइड्रोपावर लि.को वेभवसाइट: www.utkhpl.org.np, निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषको वेभसाइट: www.nlk.org.np र सह निष्काशन तथा बिक्री प्रबन्धक सन्‍राइज क्यापिटल लिमिटेडको वेभसाइट: www.sunrisecapital.com.np बाट पनि Download गर्न सकिनेछ।

**निष्काशन बैंक** (Banker to the Issue) **सम्बन्धी विवरण :**

| सि.नं | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १ | लक्ष्मी सन्‍राईज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौं । | SRCL-CIT-UTHPL Right | ०६९०३७१११४७०१०३२ |

**(व) संगठित संस्थाले आफ्नो व्यवसायसंग सम्बन्धीत ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्‌घोषण :**

कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन २०६३, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रहि आफ्नो कारोवार गर्दै आइरहेको छ। साथै यस कम्पनीको सञ्चालक तथा संस्थापकहरु कालो सूचीमा नरहेको तथा सञ्चालक तथा संस्थापकहरु अयोग्य नरहेको उद्‌घोषण गर्दछ । हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो। यस कम्पनीले आ.व. २०७७।७८ सम्मको वार्षिक साधारण सभा मिति २०७९।०५।३ मा सम्पन्न गरी कम्पनी ऐन बमोजीम कम्पनी रजिष्ट्रार कार्यालयमा हालसम्म बुझाउनुपर्ने सम्पूर्ण विवरण बुझाएकोले आ.व.२०७७/७८ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**(व १) क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड सनराइज बिजपार्क छैठौं तल्ला, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ICRANP-IR BB" "ICRA NP Issuer Rating Double B" प्रमाणपत्र प्राप्त गरेको छ । ईक्रा नेपाल लिमिटेडल [ICRANP-IR] AAA देखी [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ। [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। "ICRA NEPAL Issuer Rating Double B " ले कम्पनीको वित्तीय दायित्वको समयमै सेवा गर्ने सम्बन्धमा पूर्व निर्धारितको मध्यम जोखिम रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । उक्त इस्युर रेटिङ्ग प्रदान गरेको मिति: २०७९/०८/०८ (तदनुसार नोभेम्बर २४, २०२२) बहाल रहने अवधि:२०८०/०८/०७ (तदनुसार नोभेम्बर २३, २०२३) सम्म रहेको छ ।

**(श) संगठित संस्थाको पछिल्लो तीन वर्षको वार्षिक तथा तीन महिनाको मासिक कारोवारको अधिकत्तम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

कम्पनीको वार्षिक शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रु) | न्युनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७६/७७ | २४० | २१६ | २३३ | २०,६३३ |

| | | | | |
|---|---|---|---|---|
| ०७७/७८ | ९२६ | ६६० | ७०४ | २,८५,८६५ |
| ०७८/७९ | ५८० | ३७६ | ५४२ | २,३९,६५१ |

कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मुल्य (रु) | न्युनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०८० बैशाख | ४६३ | ३९८ | ४०० | ३,३८,६२९ |
| २०८० जेष्ठ | ४८० | ४६३ | ४७२।५० | १४,७७,८३७ |
| २०८० असार | ५१४ | ४१७।५० | ४२६।८० | १८,८१,४३९ |

नोटः कम्पनीको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूची मार्फत प्राप्त गर्न सकिनेछ।

**(ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| सि.नं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कुलमान घिसिङ्ग | अध्यक्ष | |
| २ | श्री सुनिल पौडेल | संचालक | |
| ३ | श्री रामजी भण्डारी | संचालक | |
| ४ | श्री लोकहरी लुँइटेल | संचालक | |
| ५ | श्री मदन तिम्सीना | संचालक | |
| ६ | श्री दर्शन भट्टराई | संचालक | |
| ७ | श्री सृजना सुवेदी | संचालक | |
| ८ | श्री राजन श्रेष्ठ | संचालक | |
| ९ | श्री हरि प्रसाद भुर्तेल | संचालक | |
| १० | श्री दीपक कार्की | संचालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र ( ड्यु डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

मिति : २०७९/११/१८

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, अन्नपूर्ण मार्ग विष्णुधन निवास, ज्ञानेश्वर ठेगाना भएको **अपर तामाकोशी हाइड्रोपावर लिमिटेडले आफ्ना तत्काल कायम शेयरधनीहरुका लागि निष्काशन गर्न लागेको रु.१००/–दरको १०,५९,००,००० कित्ता हकप्रद साधारण शेयरको** लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । हकप्रद शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. संगठित संस्थाको हकप्रद शेयर निष्काशन सम्बन्धि ब्यबस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छ ।

४. साविक शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्तासंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

**धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकहरुको तर्फबाट**

SUNRISE CAPITAL LTD.

..............................
सन्राइज क्यापिटल लिमिटेड
बिजय लाल श्रेष्ठ
सह–निष्काशन तथा बिक्री प्रबन्धक

नागरिक लगानी कोष
काठमाडौं
२०४७

..............................
नागरिक लगानी कोष
नारायण प्रसाद घिमिरे
निष्काशन तथा बिक्री प्रबन्धक